Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष- १९, अंक- ३, २०८३ साल साउन २६ गते मंगलबार (August 11, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# आजबाट नाईमा अटो शो हुँदै, बिभिन्न सवारी साधन सार्वजनिक हुने



तस्विर : विनोद नेपाली

■ **मोहन कार्की**

काठमाडौं । आजवाट नेपाल अटोमोबाइल आयातकर्ता तथा उत्पादक संघ अर्थात ((नेपाल अटोमोबाईल्स इम्पोटर्स एसोसिएसन)को आयोजनामा नेपालमा भेइकल बेच्दै आएका कम्पनीहरुले नयाँ नयाँ गाडीहरु, वाइकहरु तथा ठुला सावारी साधन सार्वजनिक गर्न लागेका छन् ।

विश्वका ख्यातिप्राप्त कम्पनी टाटा, टेस्ला, टोयटा, बिवाइडी, चेरी, फोर्टोन, हुण्डाई, दिक्पाल, स्काईवेल, अशोका, होण्डा, सुजुकी, सिर्टोन, गोफोर्ड, बजाज, एमाहा, हिरो, मित्सुबिसी, किया, महेन्द्र, फोर्ड, एभिक, किङलङ, एमजी, लगायतले नेपालमा ब्राण्डहरु बिक्रीको रुपमा परिचित छन् ।

तर पछिल्लो समय सिप्रदी ट्रेडिङले टाटाद्धारा उत्पादित नेक्सन, टियागो, एक्सप्रेस टी जस्ता विद्युतीय सवारी साधन बिक्रीको लागी ल्याएपछि अन्य कम्पनीह्रुले पनि विद्युतीय सवारी साधन नेपालमा प्रतिस्पर्धामा उर्तेका छन् ।

यो नेपालको लागी अत्यन्तै सकारात्मक हो । नाईमाले यो एक्सो पो नै विशेष गरेर विद्युतिय सवारी साधनहरुको प्रदर्शनको रुपमा नै प्रचार गर्दै आएको छ । भने धेरै जति स्टल बिद्युतिय सवारी साधनहरुको प्रर्दशनका लागी बुकिङ भएको देखिएको छ ।

जलविद्युतको अथाह भण्डारण भएको देश नेपालमा यतिवेला प्रशस्त विद्युत उत्पादन पनि भईरहेको छ । दैनिक झण्डै १७०० मेगावाट भारतलाई समेत निर्यात गर्न सक्ने क्षमता बनाएको नेपालमा हाल थुप्रै जलविद्युत आयोजनाहरु निर्माणका चरणमा छन् । यसले पनि नेपाल देशको लागी विद्युतिय सवारी साधनहरु उपयुक्त र भरपर्दो वातावरणीय दृष्टिकोणले पनि उत्तिक्कै महत्वपूर्ण छ । नेपालीहरुको »बाकी ६ पृष्ठमा

# आदिवासी जनजातिको आर्थिक सशक्तीकरणमा जोड दिन राष्ट्रपति पौडेलको आग्रह



काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकको संविधानले विविधतामा एकतालाई आत्मसात् गर्दै सबै समुदायको हक र हितलाई सुनिश्चित गरेको बताएका छन् ।

बत्तिसौं विश्व आदिवासी दिवसका अवसरमा आदिवासी जनजाति आयोगद्वारा आइतबार आयोजित कार्यक्रममा पौडेले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त मुलुक भएको बताए ।

उनले परापूर्वकालदेखि बसोबास गर्दै आएका आदिवासी जनजातिहरूको विशिष्ट पहिचान र संस्कृति नै नेपालको राष्ट्रिय गौरव भएकोमा जोड दिए । 'आदिवासी जनजातिहरू यस धर्तीका धर्तीपुत्रहरु हुन्, जसको जल, जमिन र प्राकृतिक स्रोतसँग अटुट र आध्यात्मिक सम्बन्ध रहेको छ,' उनले भने ।

राष्ट्रपति पौडेलले राज्यको नीतिनिर्माण र निर्णायक तहमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु सरकारको दायित्व भएको भन्दै पछिल्लो तथ्याङ्कअनुसार स्थानीय तहमा आदिवासी जनजातिको प्रतिनिधित्व उत्साहजनक रूपमा ३६ ।८ प्रतिशत रहेको उल्लेख गरे । उनले बिस्तारै शिक्षामा पहुँच पुर्‍याएर अगाडि बढ्नु आजको आवश्यकता भएकोमा पनि जोड दिए ।

नेपाल अन्तरराष्ट्रिय मञ्चमा पनि आदिवासी अधिकारको पक्षमा अग्रपङ्क्तिमा उभिएको उल्लेख गर्दै नेपाल आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्ने अन्तरराष्ट्रिय महासन्धि 'आइएलओ महासन्धि नं । १६९' अनुमोदन गर्ने दक्षिण एसियाकै पहिलो राष्ट्र भएको बताए । 'आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय »बाकी ६ पृष्ठमा

# सरकारले सार्वजनिक गर्‍यो संशोधित तलबमान र प्रोत्साहन भत्ता




काठमाडौं- अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८३र८४ को यही साउनदेखि लागु हुने तलबमान सार्वजनिक गरेको छ । यही साउन ६ गते बसेको मन्त्रिपरिषद् बैठकले नयाँ तलबमान, ग्रेड, प्राविधिक ग्रेड र प्रोत्साहन भत्तासम्बन्धी निर्णय गरेको थियो । गत जेठ १५ गते बजेटमार्फत सरकारले १० प्रतिशत तलबमान वृद्धि गर्ने र १० प्रतिशत प्रोत्साहन भत्ता दिने घोषणा गरेको थियो । मन्त्रालयले बुधबार सरकारी निकायलाई गरेको पत्राचारमा नयाँ तलबमानको विषयमा जानकारी गराएको हो ।

निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, स्वास्थ्य सेवा, संसद् सेवा, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीले (निवृत्तभरण प्रयोजन)का लागि अनुसूची एक देखि आठ सम्मको नयाँ तलबमान एवम् एक दिनको तलब बराबरको ग्रेड रकम र वृद्धि पछि कायम हुने तलबमानको »बाकी ६ पृष्ठमा




# आदिवासी जनजातिका अधिकार संरक्षण र पुस्तान्तरणमा जोड दिन मन्त्री श्रेष्ठको आग्रह



काठमाडौं- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठले आदिवासी जनजाति समुदायले लामो संघर्षबाट प्राप्त गरेका अधिकारलाई संस्थागत गर्दै आगामी पुस्तामा हस्तान्तरण गर्नुपर्ने बताएका छन् ।

आदिवासी जनजाति महासंघद्वारा आयोजित ३२औं विश्व आदिवासी दिवसको कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले अधिकार प्राप्त गर्नु मात्रै पर्याप्त नभएको भन्दै त्यसको प्रभावकारी कार्यान्वयन, संरक्षण र संस्थागत विकासमा जोड दिएका हुन् ।

विश्व आदिवासी दिवस केवल उत्सव मनाउने अवसर मात्र नभई आदिवासी जनजातिको इतिहास, संघर्ष र उपलब्धिको समीक्षा गर्दै आगामी पुस्ताको भविष्य सुनिश्चित गर्ने संकल्प गर्ने दिन भएको उनको भनइ रहेको थियो ।

आफ्नो भाषा, संस्कृति, सम्पदा, पहिचान, परम्परा, सीप र आत्मसम्मानको संरक्षणका लागि पुस्तौँदेखि आवाज उठाउँदै आएका छौं । ती आवाजको सुनुवाइ पनि भएको छ, तर पर्याप्त भने छैन, मन्त्री श्रेष्ठले भने आफ्नो पहिचानको रक्षाका लागि हाम्रा आवाज अझै बुलन्द हुनुपर्छ।नेपालकोसंविधानलेसमानुपातिक समावेशिता, »बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ३,
२०८३ साल साउन २६ गते मंगलबार
11 AUGUST 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# विद्युतिय सवारीलाई प्रथामिकता देउ

नेपाललाई ग्रीन जोन बनाउने नीति अर्न्तगत बागमती प्रदेश यातायात कार्यालयले अग्रेजी पात्रो अनुसार २०२५ मानै वातावरणमैत्री यातायातको अवधारणा ल्याएको थियो । विविध कारण जस्तै कोभिड, जेन्जी आन्दोलन लगायत अनेक खालका समस्याकाले तोकेको समयमा बागमती प्रदेशले टोटल्ली ईलेक्ट्रोनिक भेइकल सञ्चलन गर्न सकेको छैन । तर समग्रमा विस्तारै विद्युतिय सवारी साधनहरु नेपाली ग्राहकहरुले प्रयोग गर्दै आएका छन् । यो खुशीको कुरा हो ।

नेपालमा सरकारले समेत विद्युतिय सवारी साधनहरुलाई विशेष छुट दिदै प्रोत्साहित गर्दै लगेको छ । नेपालमा आफैले उत्पादन गर्ने क्षमता नभएपनि विदेशमा बनेका सवारी साधनहरु नेपालमा बिक्रीको लागी प्रतिस्पधामा नैं आईरहेका छन् । यो. स्पीड हेर्दा नेपालले चाडैनै विद्युतिय सवारी साधनहरुमा एसेम्बल गर्न सक्ने आकलन गरिदै आएको छ ।

नेपाल सरकारले नेपालमा विद्युतिय सवारी साधनहरुको बिक्री वितरणको अवस्थालाई ध्यान दिएर गुणस्तरयुक्त सवारी साधन नेपालमा नै एसेम्बल गरेर नेपालीहरुलाई समेत रोजगार दिन सक्ने क्षमता भएको उद्धार कम्पनीहरु हेरेर नीतिमा नै प्रष्ट हुनेगरी काम गर्नुपर्ने देखिन्छ ।

यतिवेला सवारी साधनहरु बिक्री वितरण गर्ने कम्पनीहरुको छाता संस्था नाइमा, नाडाले.एक्पोहरु गर्न गईरहेका छन् । उनिहरुले वर्षको एउटा ठूलो एक्सपो गर्ने गरेका छन् । नाईमाले त कुनैवेला वर्षको दुईटा समेत प्रर्दशन गरेको थियो । तर आधिकारिक संस्था भने भईसकेको थिइन । आधिकारिक संस्था भईसकेपछिको दोस्रो एक्सपो गर्दैछ ।

नेपालमा स्थाई सरकार पनि भएको र नेपाल लगानीमैत्री वातावरण बन्दै गएको हुनाले नेपालमा अथाह जलविद्युत आयोजनाहरु धमाधम बनिरहेका छन् । विद्युतको पर्याप्त छ । विद्यतिय सवारी साधलाई चाहिने चार्जिङ स्टेशनहरु पनि व्यवस्थित हुदै गएको हुनाले नेपाललाई चाडै विद्युतिय सवारी साधनहरुको मात्र देश बनाएर लैजान सक्नुपर्छ । यो सरकारको नीतिमा ग्रहकहरुलाई प्रोत्साहित गर्ने कार्यक्रम पनि आउनुपर्छ । यसो गर्न सकियो भने नेपालले सवारी साधनमा गर्ने प्रगती अन्तराष्ट्रिस्तरमा नेपालको प्रतिस्ठा बढाउने स्तरमा पुर्‍याउन सकिन्छ ।

# युवा जनशक्तिलाई देशमै रोक्ने नीति ल्याउ सरकार



■ बैकुण्ठ दाहाल

नेपालको सबैभन्दा ठूलो शक्ति प्राकृतिक स्रोत मात्र होइन, युवा जनशक्ति पनि हो । देशको विकास, उत्पादन, नवप्रवर्तन र समृद्धिको मुख्य आधार युवा नै हुन् । तर विडम्बना, आज यही युवा शक्ति रोजगारीको खोजीमा दिनहुँ हजारौँको संख्यामा विदेशिन बाध्य भइरहेको छ । गाउँहरू युवाविहीन बन्दै गएका छन्, खेतबारी बाँझिँदै गएका छन्, उद्योग-व्यवसायले दक्ष जनशक्ति पाउन सकेका छैनन्, र परिवारहरू आफ्ना सदस्यबाट टाढा बस्न विवश छन् । यस्तो अवस्थाले देशको वर्तमान मात्र होइन, भविष्यसमेत चिन्ताजनक बनाएको छ ।

मैले वर्षौंदेखि विभिन्न मञ्च, छलफल, सामाजिक सञ्जाल र लेखमार्फत एउटा कुरा निरन्तर उठाउँदै आएको छु–नेपालका युवालाई आफ्नै देशमा सम्मानजनक रोजगारीको ग्यारेन्टी गरिनुपर्छ । तर समय बित्यो, सरकार फेरिए, नीति र कार्यक्रम फेरिए, तर युवाको पीडा उस्तै रह्यो । अनेकौं सरकारले रोजगारीका सपना बाँडे, तर ती सपना व्यवहारमा उतार्ने इच्छाशक्ति देखाउन सकेनन् । आफूलाई नयाँ सोचको प्रतिनिधि भन्ने वर्तमान सरकार पनि यस विषयमा अपेक्षित परिणाम दिन असफल देखिएको छ ।

नेपालको शिक्षा प्रणाली आज पनि धेरै हदसम्म घोकन्ते, परीक्षा केन्द्रित र प्रमाणपत्रमुखी छ । विद्यालयदेखि विश्वविद्यालयसम्म विद्यार्थीलाई जीवनका लागि आवश्यक सीपभन्दा बढी सैद्धान्तिक ज्ञान पढाइन्छ । परिणामस्वरूप, विश्वविद्यालयबाट हजारौँ विद्यार्थी उत्तीर्ण हुन्छन्, तर उनीहरू रोजगारी वा उद्यमका लागि आवश्यक व्यावहारिक सीपबाट वञ्चित हुन्छन् । यसरी हाम्रो विश्वविद्यालय बेरोजगार उत्पादन गर्ने कारखानाजस्तै बन्दै गएको छ । यो यथार्थलाई स्वीकार गरेर सुधार नगर्ने हो भने समस्या झन् गहिरिँदै जानेछ ।

मैले धेरै पहिलेदेखि विद्यालय तहदेखि नै गरिखाने शिक्षा लागू गर्नुपर्ने आवश्यकता औँल्याउँदै आएको छु । त्यसबेला कतिपयले यस विचारलाई उपहास गरे, कसैले अव्यावहारिक भने, त कसैले मलाई नै पागलको संज्ञा दिए । तर आज विश्वका धेरै देशहरूले सीपमूलक, व्यावसायिक र उद्यमशील शिक्षालाई प्राथमिकता दिइरहेका छन् । समयले देखाइसकेको छ कि केवल प्रमाणपत्रले होइन, सीप र उत्पादनले राष्ट्रलाई समृद्ध बनाउँछ ।

आजको आवश्यकता पाठ्यपुस्तकको भारी बोक्ने विद्यार्थी होइन, सीप सिक्ने, उत्पादन गर्ने र समस्या समाधान गर्न सक्ने युवा हो । विद्यालयमै कृषि, पशुपालन, प्रविधि, हस्तकला, पर्यटन, उद्योग, डिजिटल सीप, वित्तीय साक्षरता र उद्यमशीलताको शिक्षा अनिवार्य गरिनुपर्छ । विद्यार्थीले पढाइसँगै काम गर्ने संस्कृतिको विकास गर्नुपर्छ । श्रमलाई सम्मान गर्ने समाज निर्माण गर्नुपर्छ । जब श्रमलाई सम्मान गरिन्छ, तब उत्पादन बढ्छस उत्पादन बढेपछि आयात घट्छ र आयात घटेपछि देश आर्थिक रूपमा बलियो बन्छ ।

सरकारले युवालाई विदेश जानबाट रोक्ने हो भने भाषणले मात्र पुग्दैन । स्पष्ट, दीर्घकालीन र परिणाममुखी नीति आवश्यक छ । कृषि, उद्योग, पर्यटन, सूचना प्रविधि, ऊर्जा र साना तथा मझौला उद्यममा लगानी बढाउनुपर्छ । नयाँ उद्यम सुरु गर्न चाहने युवालाई सहुलियतपूर्ण ऋण, सीप तालिम, प्रविधि, बजार र परामर्शको व्यवस्था गरिनुपर्छ । उद्यम गर्ने युवालाई अनावश्यक प्रशासनिक झन्झटबाट मुक्त गरिनुपर्छ । गाउँमै उत्पादन, प्रशोधन र बजारीकरणको वातावरण बनेपछि युवा किन विदेश जान चाहन्छ ?

नेपालको विकास विदेशी अनुदान वा विप्रेषणमा मात्र टिकिरहन सक्दैन । आफ्नै माटोमा उत्पादन बढाउनैपर्छ । खेतीयोग्य जमिन बाँझो राखेर खाद्यान्न आयात गर्ने, उद्योग बन्द गरेर विदेशी सामानमा निर्भर हुने र आफ्ना युवालाई विदेशी श्रम बजारमा पठाएर समृद्धिको सपना देख्ने सोच अब परिवर्तन गर्नैपर्छ । आत्मनिर्भर अर्थतन्त्रको आधार उत्पादन हो, उत्पादनको आधार श्रम हो, र श्रमको सबैभन्दा ठूलो शक्ति युवा हुन् । हामीले युवालाई रोजगार खोज्ने होइन, रोजगार सिर्जना गर्ने नागरिक बनाउनुपर्छ । त्यसका लागि सरकारले नीतिगत सुधार, निजी क्षेत्रसँग सहकार्य, अनुसन्धानमा लगानी, नवप्रवर्तनलाई प्रोत्साहन र स्थानीय स्रोतको उपयोगमा जोड दिनुपर्छ । प्रत्येक स्थानीय तहमा उद्यम विकास केन्द्र स्थापना गरी युवालाई व्यवसाय सुरु गर्न आवश्यक सहयोग उपलब्ध गराउन सकिन्छ । यसले गाउँमै अवसर सिर्जना गर्छ र बसाइँसराइ तथा वैदेशिक पलायन घटाउन मद्दत गर्छ ।

युवाको भविष्य सुरक्षित नभएसम्म देशको भविष्य पनि सुरक्षित हुँदैन । आजको आवश्यकता युवालाई आश्वासन होइन, अवसर दिनु हो । सीप, श्रम, उत्पादन र उद्यमलाई राष्ट्रिय अभियान बनाउनु हो । शिक्षा प्रणालीलाई समयअनुकूल परिवर्तन गर्नु हो । यदि सरकारले आज पनि पुरानै ढर्रामा देश चलाइरह्यो भने भोलि गाउँमा उत्पादन गर्ने हात हुने छैनन्, उद्योग चलाउने जनशक्ति हुने छैन, र राष्ट्र निर्माण गर्ने पुस्ता विदेशमै हराउनेछ ।

त्यसैले म सरकारसँग पुनः आग्रह गर्दछु–अब ढिला नगर्नुहोस् । पुरानो घोकन्ते पाठ्यक्रमलाई परिवर्तन गरेर सीप, श्रम र उद्यममा आधारित शिक्षा लागू गर्नुहोस् । युवालाई आफ्नै देशमा सम्मानजनक रोजगारी र उद्यमको वातावरण सिर्जना गर्नुहोस् । उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्नुहोस् । आत्मनिर्भर नेपाल निर्माण गर्ने अभियानलाई राष्ट्रिय प्राथमिकता बनाउनुहोस् ।

युवा विदेश पठाएर देश समृद्ध हुँदैन । युवालाई आफ्नै माटोमा अवसर दिएर, श्रमको सम्मान गरेर, उत्पादन बढाएर र उद्यमशीलता प्रवर्द्धन गरेर मात्र समृद्ध नेपाल निर्माण गर्न सकिन्छ । अब समय आएको छ–युवालाई देशमै रोक्ने, उत्पादन बढाउने र स्वाभिमानी, आत्मनिर्भर नेपाल बनाउने ।

# बाम एकताको आधार नयाँ नेतृत्व, नयाँ सोच र जनविश्वास



■ धनबहादुर कार्की

आजकल सामाजिक सञ्जालमा पुनः बाम एकताको विषय व्यापक रूपमा चर्चा हुन थालेको छ । विगतमा भएका विभाजन, आपसी विवाद र नेतृत्वका कमजोरीप्रति कतिपय नेताहरूले अहिले पछुतो व्यक्त गरिरहेका पनि देखिन्छन् । तर केवल पछुतो व्यक्त गर्दैमा जनताको विश्वास पुनः प्राप्त गर्न सकिँदैन । लामो समयसम्म देशको नेतृत्व गरिसकेका र अहिले वृद्धभत्ता खाने तथा सार्वजनिक जिम्मेवारीभन्दा विश्रामको चरणमा पुगिसकेका नेताहरूबाट फेरि पनि नेपाली जनताले ठूलो परिवर्तनको अपेक्षा गर्ने आधार कमजोर बन्दै गएको छ ।

विगतका अनुभवले देखाएको छ कि व्यक्तिगत स्वार्थ, भ्रष्ट आचरण, गुटबन्दी, अवसरवाद र सत्ता केन्द्रित राजनीतिका कारण जनताको विश्वास कमजोर भएको हो । त्यसैले अब केवल बाम एकताको नारा मात्र होइन, नेतृत्व, कार्यशैली, विचार र व्यवहारमा पनि नयाँपन आवश्यक छ । जनताले आज इमानदार, सक्षम, दूरदर्शी, उत्तरदायी र समयअनुसार सोच्न सक्ने नेतृत्व खोजिरहेका छन् ।

त्यसैले अब नयाँ पुस्ताका सक्षम, अध्ययनशील, स्वच्छ छवि भएका, राजनीतिक, सामाजिक, आर्थिक तथा वैचारिक रूपमा परिपक्व युवा नेताहरूलाई नेतृत्व हस्तान्तरण गर्ने समय आएको छ । देशलाई रूपान्तरण गर्न सक्ने, सुशासन स्थापित गर्न सक्ने, भ्रष्टाचारविरुद्ध दृढ रूपमा उभिन सक्ने र जनताको अधिकार सुनिश्चित गर्न सक्ने नेतृत्वबाट मात्र बाम एकताको वास्तविक उद्देश्य पूरा हुन सक्छ ।

यसर्थ, नेतृत्व चयनमा उमेरभन्दा पनि क्षमता, इमानदारी, कार्यकुशलता र जनविश्वासलाई प्राथमिकता दिनुपर्छ । ७० वर्ष वा सोभन्दा माथिका अनुभवी नेताहरू तथा पूर्वप्रधानमन्त्रीहरूलाई पार्टीका संरक्षकका रूपमा सम्मानजनक भूमिका दिइनुपर्छ । त्यसैगरी लामो समयदेखि पार्टी निर्माणमा योगदान दिएका वरिष्ठ नेता तथा कार्यकर्ताहरूलाई सल्लाहकारको जिम्मेवारी दिई उनीहरूको अनुभवलाई संस्थागत रूपमा उपयोग गर्नुपर्छ । यसरी अनुभव र युवाशक्तिको समन्वय हुन सके मात्र पार्टी बलियो र प्रभावकारी बन्न सक्छ ।

यदि बाम शक्तिहरूले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितलाई केन्द्रमा राख्दै वास्तविक एकता कायम गर्न सके भने उनीहरूले पुनः जनताको विश्वास जित्ने अवसर प्राप्त गर्न सक्छन् । तर त्यसका लागि फेरि पार्टी विभाजन नगर्ने, आपसी सम्मान कायम राख्ने र लोकतान्त्रिक संस्कृतिलाई आत्मसात गर्ने सार्वजनिक प्रतिबद्धता आवश्यक छ ।

त्यसैगरी भ्रष्टाचार नगर्ने, भ्रष्टाचारमा संलग्न व्यक्ति, बिचौलिया, माफिया, ठग, दलाल तथा राज्यको स्रोत-साधनको दुरुपयोग गर्ने समूहविरुद्ध कानुनअनुसार कठोर कदम चाल्ने स्पष्ट प्रतिबद्धता पनि हुनुपर्छ । राज्य सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र सुशासनलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ ।

राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, सार्वभौमसत्ता र नेपालको अखण्डताको संरक्षण गर्दै आर्थिक समृद्धि, विकास निर्माण, औद्योगिकीकरण, कृषि आधुनिकीकरण, उत्पादनमुखी अर्थतन्त्र तथा युवाका लागि स्वदेशमै सम्मानजनक रोजगारी सिर्जना गर्ने दीर्घकालीन योजना आवश्यक छ । साथै प्रत्येक नागरिकका लागि गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, सामाजिक सुरक्षा तथा ज्येष्ठ नागरिकप्रति सम्मानजनक व्यवहार सुनिश्चित गर्नुपर्छ ।

जनताले अब भाषणभन्दा काम हेर्न चाहन्छन् । नारा होइन, परिणाम चाहन्छन् । यदि बाम एकता केवल सत्ता प्राप्तिको माध्यम नभई राष्ट्र निर्माण, सुशासन, सामाजिक न्याय र जनकल्याणको साझा अभियानका रूपमा अघि बढ्छ भने मात्र नेपाली जनताले त्यसलाई विश्वास गर्नेछन् । अन्यथा विगतका गल्ती दोहोरिएमा जनताले फेरि पनि विकल्प खोज्नेछन् । अन्ततः बाम एकताको सफलता केवल दलहरू एक ठाउँमा उभिनुमा होइन, उनीहरूले जनताप्रति कति इमानदार, उत्तरदायी र परिणाममुखी भएर काम गर्छन् भन्ने कुरामा निर्भर रहनेछ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# प्रदेशमा विपक्षी नै नराखी सरकार बनाउनु ठिक हुँदैन : गगन थापा



काठमाडौं- नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सातवटै प्रदेशमा कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) मिलेर संयुक्त सरकार बनाउने प्रस्ताव पार्टीले अस्वीकार गरेको बताएका छन् ।

आइतबार पार्टी केन्द्रीय कार्यालयमा जारी केन्द्रीय कार्यसमिति बैठकलाई सम्बोधन गर्दै उनले प्रदेश सरकारबारे ब्रिफिङ गर्दै यस्तो बताएका हुन् ।

उनले तत्कालीन कांग्रेस सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्षबीच भएको समझदारीअनुसार निश्चित समयपछि कांग्रेस नेतृत्वमा रहेको प्रदेशमा एमाले र एमाले नेतृत्वमा रहेको प्रदेशमा कांग्रेसले सरकारको नेतृत्व गर्ने सहमति भएको र सोही सहमति कार्यान्वयन गर्न खोज्दा एमालेसँग कुरा नमिलेको बताए ।

उनले प्रदेशमा प्रतिपक्षविहीन सरकार बनाउने कुरा पार्टी, संघीयता र लोकतन्त्रका लागि उपयुक्त नभएको कारण कांग्रेसले अस्वीकार गरेको बताए ।

उनले भने, 'हामी प्रदेशमा सरकारमा छौं । केही ठाउँमा अहिले छैनौं । हामी नेकपा एमालेसँग एउटा सहमतिमा थियौं सात वटै प्रदेशमा । मधेश प्रदेशमा विशिष्ट अवस्था थियो । त्यहाँ नेकपा, कांग्रेस र एमालेको संयुक्त सरकार थियो । पहिले आदरणीय नेता शेरबहादुर देउवा पार्टी सभापति हुँदै गर्दा उहाँ र एमालेका अध्यक्षबीचमा हस्ताक्षर भएर सरकार बन्दैगर्दा निश्चित समयपछि कांग्रेस भएको ठाउँमा एमाले र एमाले भएको ठाउँमा कांग्रेसले नेतृत्व गर्ने भन्ने सहमति भएको रहेछ । त्यही समझदारीअनुसार गर्ने भनेर हामीबीच छलफल भयो ।'

उनले थपे, 'हामीलाई के प्रस्ताव गरियो भने सबै प्रदेशमा कांग्रेस, एमाले र नेकपा मिलाएर संयुक्त सरकार बनाउनुपर्छ भन्ने प्रस्ताव रह्यो । त्यो प्रस्ताव हामीले मानेनौं । प्रदेशमा अपोजिसन नै नराखी तीन पार्टी मिलेर सरकार बनाउने कुरा ठिक हुँदैन । यो पार्टी, संघीयता र लोकतन्त्रको लागि पनि ठिक छैन ।'

उनले संघीय सरकार र प्रतिपक्ष भूमिकामा रहेको प्रदेश सरकारमा कसरी अघि बढ्ने भन्नेबारेमा समेत छलफल गर्नुपर्ने बताए ।

# संघीयता, लोकतन्त्र र गणतन्त्रसमेत प्रश्नको घेरामा छ : जनार्दन शर्मा

काठमाडौं । पूर्वमन्त्री एवं प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता जनार्दन शर्माले संघीयता, लोकतन्त्र र गणतन्त्रसमेत प्रश्नको घेरामा परेको दाबी गरेका छन् ।

शनिबार अग्रगामी मोर्चाको अवधारणापत्र सार्वजनिक गर्दै उनले परराष्ट्र नीतिका सम्बन्धमा नेपालको सार्वभौमसत्ता र राष्ट्रिय हितलाई केन्द्रमा राख्दै छिमेकी मुलुकहरूसँग समानता र पारस्परिक सम्मानका आधारमा सम्बन्ध विस्तार गर्ने नीति लिइएको जिकिर गरे ।

साथै, उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायका मुद्दालाई सम्बोधन गर्न विभिन्न आन्दोलन तथा संघर्षबाट आएका राजनीतिक शक्ति र नेताहरूबीच हाल साझा अभियान आवश्यक रहेको उनको भनाइ छ ।

'राजनीतिक दल तथा नेतृत्वले विगतका कमजोरीको निर्मम समीक्षा र आत्मसमीक्षा गर्दै सुधारको बाटोमा अघि बढ्नुपर्ने छ । राजनीतिमा सुधार र शुद्धीकरण गर्ने उद्देश्यले अग्रगामी मोर्चा गठन गरिएको हो,' शर्माले भनेका छन् ।




जनयुद्ध, जनआन्दोलन, सडक तथा संसदीय संघर्षसँगै मधेश, थारुवान, जनजातिलगायतका आन्दोलनबाट प्राप्त अनुभवलाई एकीकृत गर्दै अग्रगामी मोर्चा गठन गरिएको उनको भनाइ छ ।

लामो समयदेखि थाती रहेको सुकुमवासी तथा अव्यवस्थित बसोबासको समस्या समाधानका लागि वैज्ञानिक र मानवीय दृष्टिकोण अपनाइने पनि उनले बताए ।

वास्तविक सुकुमवासी र भू-माफियाको पहिचान गर्न संघ, प्रदेश र स्थानीय तहको संयुक्त संयन्त्र बनाउने मोर्चाको योजना रहेको जानकारी उनले गराए ।

# कप्तानगञ्ज घटनाका पीडितलाई विश्व हिन्दू परिषद् नेपालको आर्थिक सहयोग



काठमाडौं- कप्तानगञ्ज घटनाबाट प्रभावित परिवारलाई विश्व हिन्दू परिषद् नेपालले राहत तथा आर्थिक सहयोग उपलब्ध गराएको छ ।

घटनामा ज्यान गुमाएका तथा घाइते भएका सनातनी परिवारप्रति ऐक्यबद्धता जनाउँदै परिषद्ले मानवीय सहयोगलाई निरन्तरता दिएको जनाएको छ ।

घटनामा ज्यान गुमाएका ओम प्रकाश मेहता र जय प्रकाश मेहताका परिवारलाई परिषद्ले आज जनही रु. एक लाखका दरले राहत रकम हस्तान्तरण गरेको हो । राहत रकम हस्तान्तरणसँगै परिषद्का तर्फबाट दुवै परिवारलाई समवेदना पत्रसमेत प्रदान गरिएको थियो ।

मृतकप्रति सम्मान व्यक्त गर्न परिषद्का प्रतिनिधिहरूले दुवै वीरको चितामा पुष्पगुच्छा अर्पण गरी श्रद्धाञ्जलीसमेत व्यक्त गरेका थिए । शोकसन्तप्त परिवारलाई भेटेर परिषद्का प्रतिनिधिहरूले दुःखको यस घडीमा परिवारसँग आफूहरू रहेको सन्देश दिएका थिए । यसअघि घटनामा घाइते भई अस्पतालमा उपचाररत दुई जनालाई जनही रु. ११ हजारका दरले आर्थिक सहयोग उपलब्ध गराइएको थियो । उपचाररत घाइतेको स्वास्थ्य अवस्था तथा उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम हस्तान्तरण गरिएको परिषद्ले जनाएको छ ।

घाइतेलाई सहयोग रकम हस्तान्तरण गर्दै विश्व हिन्दू परिषद् नेपालका राष्ट्रिय संगठन सचिव प्रह्लाद रेग्मीले घटनाबाट प्रभावित परिवारप्रति सहानुभूति व्यक्त गर्नुभयो । उहाँले पीडित परिवारले भोगिरहेको दुःख र कठिन परिस्थितिमा परिषद् उनीहरूको साथमा रहेको बताउँदै आवश्यक सहयोग र सहकार्यका लागि परिषद् प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

परिषद्का अनुसार कप्तानगञ्ज घटनाबाट प्रभावित परिवारलाई सहयोग गर्ने उद्देश्यले मृत्यु भएका प्रत्येक व्यक्तिका परिवारलाई रु. एक लाख तथा घाइते प्रत्येक परिवारलाई रु. ११ हजारका दरले आर्थिक सहयोग गर्ने निर्णय गरिएको थियो । सोही निर्णयअनुसार मृतक परिवारलाई राहत रकम र घाइतेलाई आर्थिक सहयोग उपलब्ध गराइएको हो ।

मृतक परिवारलाई राहत रकम हस्तान्तरण गर्ने कार्यक्रममा विश्व हिन्दू परिषद् नेपालका राष्ट्रिय अध्यक्ष पुरुषोत्तम भण्डारीको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा परिषद्का पदाधिकारी तथा कार्यकर्ताले पीडित परिवारसँग भेट गरी घटनाप्रति दुःख व्यक्त गर्दै दिवंगतप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए ।

परिषद्ले राहत रकम हस्तान्तरणलाई आर्थिक सहयोगमा मात्र सीमित नराखी पीडित परिवारप्रतिको सामाजिक तथा मानवीय उत्तरदायित्वका रूपमा लिएको जनाएको छ । दुःख र संकटको अवस्थामा पीडित परिवारलाई आवश्यक सहयोग, सहकार्य तथा सेवाका गतिविधिलाई निरन्तरता दिने परिषद्को भनाइ छ ।

विश्व हिन्दू परिषद् नेपालले पीडित परिवारलाई आवश्यकताअनुसार सहयोग तथा समन्वयका कार्य अघि बढाउने जनाएको छ ।

## रामेछाप डायरी

# रामेछाप अस्पतालमा पहिलो पटक नियमित मानसिक स्वास्थ्य विशेषज्ञ सेवा




रामेछाप- रामेछाप अस्पतालले पहिलो पटक नियमित मानसिक स्वास्थ्य विशेषज्ञ सेवा सञ्चालनमा ल्याएको छ । गुणस्तरीय, पहुँचयोग्य तथा विशेषज्ञ स्वास्थ्य सेवा स्थानीयस्तरमै उपलब्ध गराउने उद्देश्यले अस्पतालले मानसिक रोग विशेषज्ञको नियमित सेवा सुरु गरेको हो ।

अस्पतालका अनुसार वरिष्ठ मानसिक रोग विशेषज्ञ डा. विजया सत्यालबाट अस्पतालमा मानसिक स्वास्थ्यसम्बन्धी विशेषज्ञ सेवा प्रदान गरिनेछ। डा. सत्यालले एमडी मनोचिकित्सा अध्ययन गर्नुभएको छ र उहाँबाट विभिन्न मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका सेवाग्राहीले परामर्श तथा उपचार सेवा लिन सक्नेछन् ।

अस्पतालले उपलब्ध गराएको विवरणअनुसार डिप्रेसन (उदासीनता), चिन्ता तथा तनाव, निद्रासम्बन्धी समस्या, प्यानिक अट्याक तथा ओसीडी, बाइपोलार डिसअर्डर, स्किजोफ्रेनियालगायतका मानसिक स्वास्थ्य समस्या, बाल तथा किशोर मानसिक स्वास्थ्य, वृद्धावस्थाका मानसिक स्वास्थ्य समस्या तथा मदिरा र लागू पदार्थ दुर्व्यसनसम्बन्धी उपचार सेवा उपलब्ध हुनेछ । त्यस्तै, मनोपरामर्श, मनोचिकित्सा तथा आवश्यकताअनुसार औषधि उपचारसमेत प्रदान गरिने अस्पतालले जनाएको छ ।अस्पतालका अनुसार मानसिक स्वास्थ्यसम्बन्धी समस्या कमजोरी नभई अन्य स्वास्थ्य समस्याजस्तै समयमै पहिचान, परामर्श र उपचार आवश्यक पर्ने अवस्था हो । समयमै विशेषज्ञसँग परामर्श लिन सके मानसिक स्वास्थ्यमा सुधार ल्याउँदै व्यक्तिको जीवनस्तरसमेत सहज बनाउन सकिने अस्पतालको भनाइ छ ।अस्पतालमा सञ्चालन भएको नयाँ सेवाबाट मानसिक स्वास्थ्य उपचारका लागि काठमाडौं तथा अन्य ठूला सहर जानुपर्ने स्थानीयवासीको बाध्यता कम हुने अपेक्षा गरिएको छ ।

रामेछाप अस्पतालमा मानसिक स्वास्थ्य विशेषज्ञ सेवा प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने जनाइएको छ ।सेवा अस्पतालको मानसिक स्वास्थ्य कक्षबाट उपलब्ध हुनेछ । विशेषज्ञसँग परामर्श तथा अपोइन्टमेन्टका लागि ९७६५२०३३८४ मा सम्पर्क गर्न सकिने अस्पतालले जनाएको छ । अस्पतालले मानसिक स्वास्थ्यसम्बन्धी समस्या लुकाएर राख्नुभन्दा समयमै विशेषज्ञसँग परामर्श लिन सेवाग्राहीलाई आग्रह गरेको छ ।

# कैलारी गाउँपालिकाको भवन निर्माण तोकिएकै समयमा सम्पन्न

## निर्माण कम्पनीलाई सम्मान पत्र

कैलाली- कैलाली जिल्लाको कैलारी गाउँपालिकाको भवन निर्माण कार्य तोकिएकै सम्पन्न भएको छ । निर्माण कम्पनीले सम्झौता बामोजिम नै तोकेकै समयभित्र कार्यालय भवन निर्माण सम्पन्न गरेर गाउँपालिकालाई हस्तान्तरण गरेको हो ।

निर्माणको जिम्मा पाएको रोयल कन्स्ट्रक्सनले तोकिएको समय सीमाभित्रै निर्माण कार्य पूरा गरी उदाहरणीय काम गरेको भनि गाउँपालिकाले रोयल कन्ट्रक्शन कम्पनीलाई सम्मान पत्रले सम्मान गरिउको थियो कम्पनीलका अध्यक्ष प्रकाशबहादुर सेठीले सम्मान पत्र बुझ्दै भने, निर्माण प्रक्रियामा सहयोग पुऱ्याउने सम्पूर्ण निकाय तथा सरोकारवालाहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

सेठीले निर्माण कार्यलाई द्रुत गतिमा अघि बढाउन र तोकिएकै समयमा पूरा गर्न गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, सम्पूर्ण वडाका




अध्यक्षहरू, कार्यालय प्रमुखका साथै कार्यालयका प्राविधिक टोलीले खेल्नुभएको भूमिकाको अत्यन्तै सौहार्दा रहेको उल्लेख गरे ।

स्वास्थ्य मन्त्रालयको बजेटमा सञ्चालित उक्त निर्माण आयोजनाका लागि समयमै बजेट भुक्तानी तथा वित्तीय सहजीकरण गरिदिएको भन्दै सेठीले अर्थ मन्त्रालय र स्वास्थ्य सेवा विभागको टोलीप्रति विशेष धन्यवाद दिए ।

कामका क्रममा हामीलाई प्राप्त सम्मान, हौसला र सहयोगले निर्माण कार्यलाई छिटो, छरितो र गुणस्तरीय बनाउन ठूलो मद्दत पुगेको छ। सेठीले थपे । हाम्रो कम्पनी, प्राविधिक टोली तथा सम्पूर्ण मजदुर साथीहरूको मनोबल उच्च बनाउन सहयोग पुऱ्याउनुहुने सम्पूर्ण अभिभावक तथा सरोकारवालाप्रति रोयल कन्स्ट्रक्सन परिवार हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१९, अंक- ३,
२०८३ साल साउन २६ गते मंगलबार
11 AUGUST 2026, TUESDAY

# अर्थमन्त्री र राष्ट्र बैंकका कार्यकारी निर्देशकबीच छलफल सम्पन्न



**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वित्तीय संकट व्यहोरिरहेका नागरिक र निजी क्षेत्रका उद्योगी-व्यवसायीहरूलाई सहजीकरण गर्न सकिने उपायहरूबारे नेपाल राष्ट्र बैंकका विभागीय प्रमुखहरूसँग छलफल गर्नुभएको छ ।

अर्थ मन्त्रालयको आयोजनामा बुधबार भएको छलफलमा नेपाल राष्ट्र बैंकका १८ जना कार्यकारी निर्देशक सहभागी हुनुहुन्थ्यो । उहाँहरूलाई छलफलको सुरुवातमै अर्थमन्त्री डा. वाग्लेले अनुभवी र राज्यका काबिल अर्थशास्त्री भनी सम्बोधन गर्नुभएको थियो ।

छलफलको सुरुवात गर्दै उहाँले भन्नुभयो, "तपाईहरू राष्ट्र बैंकको महत्त्वपूर्ण विभागमा बसेर काम गर्नुभएको काबिल अर्थशास्त्रीहरू हुनुहुन्छ । समग्र मुलुकको आर्थिक र वित्तीय अवस्थाबारे तपाईंहरूको ज्ञान मुलुक निर्माणको यो महत्त्वपूर्ण समयमा लगाउनुपर्नेछ ।" अर्थमन्त्री वाग्लेले थप भन्नुभयो, "अब मलाई सुझाउनुहोस्, वित्तीय संकट व्यहोरी रहेका नागरिक र निजी क्षेत्रका उद्योगी-व्यवसायीलाई कसरी हामीले सहयोग गर्न सक्छौं ?" नयाँ बजेट कार्यान्वयनमा आएको र यसैको जगमा टेकेर आर्थिक रूपान्तरणको जग बसाउनुपर्ने भन्दै उहाँले त्यसका लागि अर्थतन्त्र चलायमान गराउनुपर्ने र विगतको नीतिकाकारण वित्तीय संकट झेलिरहेका नागरिक र निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने बताउनुभयो । ऋण बिग्रिएर कालोसूचीमा परेका हजारौं नागरिकलाई अर्को मौका कसरी दिन सकिन्छ भन्ने उपाय सुझाउन पनि उहाँले कार्यकारी निर्देशकहरूलाई आग्रह गर्नुभयो ।

मौद्रिक उपकरण लागू गर्ने राष्ट्र बैंकबाट स्वच्छ नियमन र लगानीमैत्री सहजीकरणबाट नै आर्थिक समृद्धिको बाटो समाउन सकिने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो । अर्थमन्त्रीसँगको छलफलमा खुलेर प्रस्तुत हुनुभएका कार्यकारी निर्देशकहरूले नयाँ सरकार गठन भएपछि बिस्तारै बजारको आत्मविश्वास बढ्दै गएको र छिट्टै अर्थतन्त्रले लय समाउने संकेतहरू देखिएको अर्थमन्त्रीलाई बताउनुभयो ।

कोभिड महामारीले पिल्सिएको अर्थतन्त्रले अझै लय समाउन नसकेको र त्यसैको मारमा परेका नागरिक र निजी क्षेत्रका उद्योगी-व्यवसायीहरूलाई माथि उठाउनु चुनौतीपूर्ण रहेको उहाँहरूको भनााइ थियो । छोटो समयमा थपिएका कालोसूचीको हजारौं संख्या र त्यसले निम्त्याएको निराशाले बजारमा प्रभाव पारेको भन्दै उहाँहरूले त्यसको समाधान आवश्यक रहेको बताउनुभयो ।

जनताको बचत रहेको वित्तीय संस्थाहरूको पूर्ण लगानी सुरक्षाको सुनिश्चितता गर्दै कालोसूचीको कलंकबाट नागरिक, उद्योगी र व्यवसायीलाई माथि निकाल्न तत्कालै केही गर्न जरुरी भएको उहाँहरूको भनाइ थियो ।

# नेपाल बैंक र पिपल्स डेन्टल कलेज एण्ड हस्पिटलबीच सम्झौता



काठमाडौं- नेपाल बैंक र पिपल्स डेन्टल कलेज एण्ड हस्पिटल प्रा.लि बीच सम्झौता भउको छ ।

काठमाडौंको नयाँबजारमा रहेको पिपल्स डेन्टल कलेज एण्ड हस्पिटल प्रा.लि र सो अन्तर्गत सञ्चालित जनरल अस्पतालमा उपचार गर्दा नेपाल बैंक लिमिटेडमा खाता रहेका ग्राहकहरु र बैकमा कार्यरत कर्मचारीहरुलाई लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्ने सम्झौता भएको हो ।

१८ गते भएको सो सम्झौता बमोजिम विरामी दर्ता र चेक अपमा १०० प्रतिशत सम्म र अस्पतालको विविध सेवाहरुमा लाग्ने शुल्कहरुमा १० देखी २० प्रतिशत सम्म छुट हुने भएको छ । सम्झौता पत्रमा बैकको तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत दीपेन्द्र राज काफ्ले र पिपल्स डेन्टल कलेज एण्ड हस्पिटल प्रा.लि तर्फबाट प्रबन्ध निर्देशक रोशन लुईटेलले हस्ताक्षर गरेका हुन् ।

नेपालको पहिलो बैंकको रुपमा परिचित नेपाल बैंक लिमिटेडले नेपालालभर २३१ शाखाहरु, २४६ ए.टि.एम. साथै ५८ एक्सटेन्सन काउन्टर मार्फत करिब २७ लाख ग्राहकहरुलाई वित्तीय सेवा पुर्‍याइरहेको यो बैंक हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ प्रविधि मार्फत बैंकिङ सेवा पुर्‍याई प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ ।

# कृषि विकास बैंकको नाफा २९ प्रतिशत घट्यो, २ अर्ब ६३ करोडमा सिमित




काठमाडौं- कृषि विकास बैंकले गत आर्थिक वर्षमा २ अर्ब ६३ करोड रुपैयाँ नाफा कमाएको छ। यो नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा २९.२१ प्रतिशत कम हो ।

अघिल्लो आर्थिक वर्ष बैंकले ३ अर्ब ७३ करोड रुपैयाँ खुद नाफा कमाएको थियो । प्रोभिजनिङ बढेर ब्याज आम्दानी खुम्चिँदा नाफा प्रभावित भएको हो । बैंकको ब्याज आम्दानी ३.४५ प्रतिशतले घटेर ९ अर्ब १२ करोड रुपैयाँमा खुम्चिएको छ । अघिल्लो वर्ष ब्याज आम्दानी ९ अर्ब ४४ करोड रुपैयाँ थियो ।

यस्तै, नेट फि कमिसन १ अर्ब ६२ करोड रुपैयाँबाट बढेर १ अर्ब ७९ करोड रुपैयाँ पुगेको छ ।बैंकको खराब कर्जा भने बढेको छ । अघिल्लो वर्ष ३.४४ प्रतिशत रहेको खराब कर्जा बढेर ४.०७ प्रतिशत पुगेको छ । बैंकको वितरणयोग्य नाफा १ अर्ब २६ करोड रुपैयाँ छ । जसअनुसार बैंकको लाभांश क्षमता ६.५४ प्रतिशत देखिन्छ । बैंकको कष्ट अफ फण्ड २.९७ प्रतिशतमा आएको छ ।

बैंकको कर्जा २ खर्ब १२ अर्ब रुपैयाँबाट बढेर २ खर्ब ४७ अकरोड रुपैयाँ पुगेको छ । बैंकको पुँजीकोष अनुपात १३.९३ प्रतिशतबाट घटेर १३.२९ प्रतिशत पुगेको छ ।

# महालक्ष्मी बैंकद्वारा शिशु स्याहार कक्ष तथा डे केयर सञ्चालनमा




काठमाडौं- महालक्ष्मी विकास वैंकद्वारा केन्द्रिय कार्यालय, दरबमारमार्गमा शिशु स्याहार कक्ष तथा डे केयर सञ्चालनमा ल्याएको छ ।

विश्व स्तनपान सप्ताह २०२६ को अवसरमा बैंकले आफ्ना महिला कर्मचारीहरुको शिशु मातृत्वलाई प्राथमिकतामा राख्दै सुरक्षित, सहज, स्वच्छ तथा गोपनीय वातावरण उपलब्ध गराउने उद्धेश्यले शिशु स्याहार कक्ष तथा डे केयर सञ्चालनमा ल्याएको हो ।

बिहीबार आयोजित एक कार्यक्रमका बीच महालक्ष्मी महिला नेतृत्व तथा विकास फोरमको अध्यक्षले उक्त स्याहार कक्षको उद्घाटन गरेका थिए । महिला कर्मचारीहरुको नेतृत्व क्षमता अभिवृद्धि गर्दै संस्थागत विकासमा थप प्रभावकारी भुमिका निर्वाह गराउने, पेशागत दक्षता तथा आत्मविश्वास अभिवृद्धि गर्ने, कार्यस्थलमा समान अवसर र समावेशी वातावरणलाई प्रवर्द्धन गर्ने तथा महिला सशक्तिकरण सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्ने लगायतका गतिविधिहरु गर्दै आएको उक्त फोरम बैंकको ३२ औं वार्षिक उत्सवको अवसरमा गठन गरिएको थियो ।

महालक्ष्मी विकास बैंकले समावेशिता र लैङ्गिक समानतालाई प्राथमिकतामा राख्दै आएको छ । कर्मचारीमैत्री, परिवारमैत्री तथा समावेशी कार्यसंस्कृती निर्माण गर्दै मातृत्वप्रतिको सम्मान, कार्य-जीवन सन्तुलन तथा कर्मचारी कल्याणलाई प्रवर्द्धन गर्ने बैंकको दीर्घकालीन प्रतिबद्धताको निरन्तरता स्वरुप यो पहल गरिएको हो । यस अवसरमा बैंकले सबै कार्यस्थलहरुलाई मातृत्व मैत्री वातावरण निर्माण तर्फ अग्रसर हुन आग्रह गर्दै आफ्ना कर्मचारीहरुको स्वास्थ्य, सम्मान र समग्र कल्याण प्रति सदैव प्रतिबद्ध रहने विश्वास समेत व्यक्त गरेको छ । "सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकले हालै मात्र काठमाण्डौं, ज्ञानेश्वरमा कफि लाउञ्ज सहितको डिजिटल हब सञ्चालनमा ल्याएको छ ।

# सीएनआई–वाईईएफको नेतृत्वमा सुगम घिमिरे, उत्कृष्ट युवा उद्यमी र च्याप्टर सम्मानित

काठमाडौं- नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्च (सीएनआईवाईईएफ) को आठौं वार्षिक साधारणसभाले सुगम घिमिरेको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ ।

लाजिम्पाटस्थित होटल र्‍याडिसनमा आयोजित साधारणसभाको उद्घाटन राष्ट्रिय योजना आयोगका सदस्य डा. पुकार मल्लले गरेका थिए । कार्यक्रममा सीएनआईका अध्यक्ष वीरेन्द्रराज पाण्डे, निवर्तमान अध्यक्ष मनीष श्रेष्ठ, पूर्वमन्त्री अनिल सिन्हालगायत उद्योगी, कूटनीतिक नियोगका प्रतिनिधि, युवा उद्यमी र विभिन्न प्रदेशका सदस्यहरूको सहभागिता थियो । साधारणसभामा निवर्तमान अध्यक्ष श्रेष्ठले आफ्नो कार्यकालका उपलब्धिबारे जानकारी गराउँदै नेपालमा युवा उद्यमशीलताको प्रवर्द्धनमा मञ्चले खेलेको भूमिकामाथि प्रकाश पारे । त्यसपछि स्टार्टअप संयोजक चिराग सरावगीले मञ्चका गतिविधि र उपलब्धिहरू प्रस्तुत गरेका थिए । कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट योगदान गर्ने सदस्य तथा च्याप्टरलाई सम्मानसमेत गरिएको थियो । जितेन्द्र बहाते 'मोस्ट एक्टिभ मेम्बर (पुरुष)' र नेहा अग्रवाल 'मोस्ट एक्टिभ मेम्बर (महिला)' घोषित भए । सगरमाथा आरोहणको उपलब्धिका लागि सुधिज्ञ पन्तलाई आउटस्ट्यान्डिङ अचिभमेन्ट अवार्ड प्रदान गरिएको थियो । संगठनतर्फ सदस्य विस्तार र सक्रियताका लागि लुम्बिनी च्याप्टरले 'च्याप्टर ग्रोथ अवार्ड' तथा उत्कृष्ट कार्यसम्पादनका लागि कोशी च्याप्टरले 'च्याप्टर एक्सिलेन्स अवार्ड' प्राप्त गरेको मञ्चले जनाएको छ । साधारणसभाले सुगम घिमिरेको नेतृत्वमा नयाँ शासकीय परिषद् (गभर्निङ काउन्सिल) सार्वजनिक गरेको छ । नयाँ कार्यसमितिमा मनीष श्रेष्ठ इमिडियट पास्ट प्रेसिडेन्ट, चिराग सारावगी लर्निङ चेयर, शाइनी खेतान सदस्यता तथा एकीकरण संयोजक, श्रीमती निदा दून मल्ल स्टार्टअप, उद्यमशीलता तथा नवप्रवर्तन संयोजक, सुजीत रेग्मी सरकार तथा कूटनीतिक सम्बन्ध संयोजक, पुनित अग्रवाल सञ्चार तथा विस्तार संयोजक, यश अग्रवाल रणनीतिक साझेदारी तथा सञ्चार संयोजक र अंकुर अग्रवाल वित्त तथा अन्तर्राष्ट्रिय सम्बन्ध संयोजक चयन भएका छन् ।

यस्तै, न्यान्सी अग्रवाल, सचेत मानन्धर र चेतन प्रधान क्रमशः सदस्यता तथा एकीकरण, स्टार्टअप तथा उद्यमशीलता र सरकार तथा कूटनीतिक सम्बन्धका सहसंयोजक रहनेछन् । कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा. मल्लले उद्यम विकास कोषका लागि ५० करोड रुपैयाँ विनियोजन गरिएको जानकारी दिँदै युवा उद्यमशीलता प्रवर्द्धनका लागि सीएनआईवाईईएफसँग सहकार्य गर्न सरकार इच्छुक रहेको बताए । उनले सीएनआई अध्यक्ष वीरेन्द्रराज पाण्डेसँगै मञ्चले नेपालको आर्थिक विकासमा पुर्‍याएको योगदानको प्रशंसा गर्दै आगामी दिनमा पनि आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

# कामना सेवा विकास बैंकले प्रस्ताव गर्‍यो १५ प्रतिशत नगद लाभांश

काठमाडौं- कामना सेवा विकास बैंक लिमिटेडले आ ।व । २०८२र८३ को संचित मुनाफाबाट आफ्ना सेयरधनीहरुलाई लाभाशं घोषणा गरेको छ । बैंकले अग्राधिकार सेयरधनीहरुलाई अग्राधिकार सेयर बाँडफाँड भएको मितिबाट असार मसान्त २०८३ सम्म अनुपातिक रुपमा ९ प्रतिशत र साधारण सेयरधनीहरुलाई १५ प्रतिशत नगद लाभाशं (कर समेत) घोषणा गरेको हो ।

उक्त लाभाशं नेपाल राष्ट्र बैंकको स्वीकृती तथा बैंकको २० औं वार्षिक साधारणसभाबाट पारित भए पश्चात् सेयरधनीहरुले प्राप्त गर्नेछन् । गत वर्ष बैंकले बोनस सेयर र नगद लाभांश गरी जम्मा १५.७८९५ प्रतिशत लाभाशं वितरण गरेको थियो ।



## खेलकुद

# ग्रिनफिल्ड र न्यु जेनिथ विजयी



काठमाडौं । १३औं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा आयोजक ग्रिनफिल्ड र न्यु जेनिथले जित हात पारेका छन् ।

बाफलस्थित घरेलु कोर्टमा भएको खेलमा ग्रिनफिल्डले अद्वित्यलाई १४-६ तथा न्यु जेनिथले जेसिसलाई ९-७ ले पराजित गरे । सिनियर गर्ल्सतर्फ भ्याली पब्लिकले अरुणीलाई २७-२, काठमाडौं भ्याली स्युचाटारलाई ३१-२ तथा इडेन ब्रिज एकेडेमीले आर्यालाई २६-१० ले हराए ।

भ्याली पब्लिककी सेलिना गुरुङले अरुणीविरुद्ध १० तथा काठमाडौं भ्यालीविरुद्ध १२ अंक जोडिन् । इडेन ब्रिजकी मेनुका मगरले ९ अंक बनाइन् ।

जुनियर ब्वाइजतर्फ ग्रिनफिल्ड 'ए' ले आफ्नै 'बी' टोलीलाई २१-९, नवीन ज्योतिले तेजस्वी एकेडेमीलाई १५-१०, महामञ्जुश्रीले केईएसलाई २६-२ तथा इडेन ब्रिज एकेडेमीले काठमाडौं भ्याली स्युचाटारलाई २२-१० ले पराजित गरे ।

सिनियर ब्वाइजतर्फ न्यु जेनिथले ग्रिनफिल्ड 'बी' लाई २८-२६, केईएसले अद्वित्यलाई २६-२२ तथा क्षेत्रज्ञले काठमाडौं भ्यालीलाई ५५-४९ ले हराए । न्यु जेनिथका नवीन देवकोटाले १४, केईएसका विपुल भुजेलले ६ तथा क्षेत्रज्ञका रेमन स्याङतानले ४१ अंक जोडे । प्रतियोगितामा सिनियर ब्वाइजतर्फ ३० तथा जुनियर ब्वाइज र सिनियर गर्ल्सतर्फ समान १६ टोली सहभागी छन् ।

## प्रज्ञा कुञ्जको दोहोरो जित



काठमाडौं- काठमाडौं प्रज्ञा कुञ्जले दोस्रो क्युकेएस अन्तरविद्यालय फुटसल प्रतियोगिताको सिनियर गर्ल्सतर्फ दोहोरो जित हात पारेको छ ।

मण्डिखाटारस्थित आयोजक काष्ठमण्डप विद्यालयको मैदानमा भएको खेलमा प्रज्ञा कुञ्जले युरो स्कुल, छाउनीलाई २-० गोलले तथा काष्ठमण्डप 'बी' लाई ४-० गोलले पराजित गरेको हो ।

सिनियर ब्वाइजतर्फ बौद्ध इन्टरनेसनल स्कुलले काठमाडौं प्रज्ञा कुञ्जलाई २-० तथा युरो स्कुल, छाउनीले प्रज्ञा कुञ्जलाई १-० गोलले हराए ।

यस्तै, युरो स्कुल, छाउनी र बौद्ध इन्टरनेसनल तथा काष्ठमण्डप 'बी' र कान्जिरोवाले गोलरहित बराबरी खेले ।

# कर्णालीमा चाँडै मन्त्रिपरिषद् विस्तार हुने मुख्यमन्त्री शाहीको दाबी



काठमाडौं- कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले चाँडै मन्त्रिपरिषद् विस्तार हुने बताउएका छन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बीच भएको तीनबुँदे सहमतिअनुसार मन्त्रिपरिषद् गठन हुने उनको भनाइ छ ।

मुख्यमन्त्री शाहीले मन्त्रिपरिषद् विस्तारबारे प्रदेशमा छलफल जारी रहेको र सहमतिको नजिक पुगेका दावी गरे । केही दिनमै मन्त्रिपरिषद्ले पूर्णता पाउने उनको भनाइ छ ।

सातै प्रदेशमा तीनबुँदे सहमतिअनुसार दुवै दल अघि बढ्नुपर्ने भएकाले मन्त्रिपरिषद् विस्तारमा केही समय लागेको तर्क पनि उनले गरे ।'मन्त्रिपरिषद् विस्तारमा केही समय लागे पनि सरकारी काम रोकिएको छैन,' उनले भने ।

नेकपा (एमाले)को समर्थनमा यही साउन १२ गते शाही कर्णालीको मुख्यमन्त्री नियुक्त भएका हुन् । तर दुई साता बितिसक्दा पनि उनले मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेका छैनन् ।

# नेपालबाट विदेशमा आईटी सेवा निर्यात बढ्दो, ११ महिनामा भित्रियो ८१.६१ अर्ब




काठमाडौं । नेपालबाट विदेशमा सूचना प्रविधि (आईटी) सेवा निर्यात गर्ने क्रम पछिल्लो समय बढ्दै गएको छ । सरकारले डिजिटल अर्थतन्त्र र सूचना प्रविधि क्षेत्रलाई प्राथमिकतामा राखेसँगै आईटी सेवा निर्यातबाट नेपालमा भित्रिने विदेशी मुद्रा पनि बढेको हो ।

नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षको ११ महिनामा आईटी सेवा निर्यातबाट ८१ अर्ब ६१ करोड रुपैयाँ नेपाल भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आम्दानी ६५ अर्ब ९ करोड रुपैयाँ रहेको थियो । आईटी सेवा निर्यातअन्तर्गत अनुसन्धान, डिजाइन, कन्सल्टेन्सी, डिजिटल सेवा तथा फिनटेकलगायतका क्षेत्रमा नेपाली कम्पनीहरूले विदेशी बजारमा सेवा दिइरहेका छन् । पछिल्लो समय मेडिकल रिसर्च, डेटा प्रोसेसिङ, सफ्टवेयर डेभलपमेन्ट तथा अन्तरर्ष्ट्रिय परियोजनासँग सम्बन्धित सेवाबाट समेत नेपालमा विदेशी मुद्रा भित्रिने क्रम बढेको छ ।

नेपालमा बसेर विदेशी कम्पनीका लागि काम गर्ने जनशक्तिको संख्या पनि बढ्दै गएको छ । आईटी इन्जिनियर, डेटा विश्लेषक, मेडिकल रिसर्चर, डिजाइनर तथा विभिन्न डिजिटल सेवामा संलग्न नेपालीहरूले डलरमा आम्दानी गरिरहेका छन् ।

नेपाल एसोसिएसन फर सफ्टवेयर एन्ड आईटी सर्भिसेस कम्पनीज् (नास-आईटी) का अध्यक्ष गौरव पाण्डेका अनुसार विदेशबाट नेपाली आईटी सेवाको माग बढ्नुका साथै सरकारी प्रोत्साहनका कारण यस क्षेत्रमा लगानीसमेत बढिरहेको छ । उनका अनुसार स्वदेशी कम्पनीसँगै विदेशी कम्पनीहरू पनि नेपालमा आईटी सेवा लिन आउने क्रम बढेको छ ।

आईटी कम्पनीहरूले सफ्टवेयर निर्माण गरी विदेशमा बिक्री गर्ने मात्र नभई मोबाइल एप्लिकेसन, वेबसाइट तथा कम्पनी सञ्चालनका लागि आवश्यक आन्तरिक एप्लिकेसन निर्माणको कामसमेत गरिरहेका छन् । विशेषगरी अमेरिकी हेल्थकेयर कम्पनी तथा अस्ट्रेलियाको होम लोन प्रोसेसिङ र डेटा एनालाइसिससम्बन्धी काममा नेपाली जनशक्तिको प्रयोग बढिरहेको बताइएको छ ।

# देशमा गैरजेनजीहरूको हुकुम चलिरहेको छ : शंकर पोखरेल



काठमाडौं। नेकपा एमालेका महासचिव शंकर पोखरेलले जेनजी आन्दोलनका पीडितहरुले वास्तविक न्यायको अनुभूति गर्न नपाएको बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमा लामो स्टाटस लेख्दै पोखरेलले २३ र २४ भदौको निष्पक्ष छानबीनबाट मात्रै पीडितहरुले वास्तविक न्याय पाउने उल्लेख गरेका छन् । 'भाद्र २३ र २४ गतेका घटनाहरुको निष्पक्ष र उच्च स्तरीय न्यायिक छानबीन अपरिहार्य छ- जुन ढिलोचाँडो हुने नै छ । त्यतिबो मा पीडितहरुले वास्तविक न्यायको अनुभूति गर्न पाउँछन्', उनले लेखेका छन् ।

देशमा गैरजेन्जीहरुको हुकुम चलिरहेको पनि पोखरेलले लेखेका छन् । 'यस्तो अवस्थामा उनीहरुबाट कुनै सकारात्मक पहल वा न्यायको अपेक्षा गर्नु व्यर्थ छ', उनले लेखेका छन् ।

उनले जेनजी आन्दोलनमा षडयन्त्र भएको हुन सक्ने एमालेको पुरानै दावीहरु पनि स्टाटसलमा लेखेका छन् ।

# झुलाघाट भन्सार कार्यालयद्वारा एक वर्षमा एक करोडभन्दा बढी राजस्व सङ्कलन




काठमाडौं- बैतडीको झुलाघाटस्थित महाकाली भन्सार कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा एक करोड छ लाख १९ हजार ३१९ रुपैयाँ राजस्व सङ्कलन गरेको छ । यो लक्ष्यभन्दा १६ दशमलव ७६ प्रतिशत बढी हो ।

कार्यालय प्रमुख लोकेन्द्रबहादुर सिंहले कार्यालयले गत आर्थिक वर्षका लागि ९० लाख ९५ हजार रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य पाएकामा लक्ष्यभन्दा १६ दशमलव ७६ प्रतिशत बढी राजस्व सङ्कलन गरेको जानकारी दिए ।

उनले सङ्कलित सम्पूर्ण राजस्व आयातित वस्तुमा लाग्ने भन्सार महसुल, पैठारी सेवा दस्तुर, मूल्य अभिवृद्धिकर, अन्तःशुल्क तथा दण्ड, जरिवाना र लिलामबाट प्राप्त भएको बताए । यस भन्सार कार्यालयबाट निर्यात भने शून्य रहेको प्रमुख सिंहले जानकारी दिए । कार्यालयका अनुसार भन्सार महसुलबाट २६ लाख ६८ हजार ७८७ रुपैयाँ, पैठारी सेवा दस्तुरबाट दुई लाख १२ हजार ५०० रुपैयाँ, मूल्य अभिवृद्धिकरबाट २१ लाख ४२ हजार १५५ रुपैयाँ, अन्तःशुल्कबाट एक लाख २२ हजार ७०४ रुपैयाँ र दण्ड, जरिवाना, धरौटी र लिलामबाट ५४ लाख ६१ हजार १७३ रुपैयाँ राजस्व सङ्कलन भएको हो ।

चालु आर्थिक वर्षका लागि कार्यालयले ९२ लाख राजस्व सङ्कलनको लक्ष्य पाएको छ ।

# सहकारी र सरकारी प्रयासमा बिउ प्रशोधन उद्योग सञ्चालन



काठमाडौं- किसान बहुउद्देश्यीय सहकारी संस्थाले बिउ प्रशोधन तथा भण्डारण उद्योग सञ्चालनमा ल्याएको छ। लम्कीचुहा नगरपालिका वडा नं. ४ मा नवनिर्मित उद्योगको भवन बुधबार सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहले एक विशेष समारोहका बिच औपचारिक उद्घाटन गरेका हुन् ।

बिउ प्रशोधन उद्योग स्थापनाका लागि सहकारी संस्था, स्थानीय सरकार (लम्कीचुहा नगरपालिका) र सुदूरपश्चिम प्रदेश सरकारसँग वित्तीय साझेदारी गरेको छ ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री शाहले सहकारीमार्फत किसानहरूलाई बिउ उत्पादनमा प्रोत्साहन र सहायता दिनु प्रशंसनीय कार्य भएको बताए । उत्पादनपश्चात् गुणस्तरीय बिउको प्रशोधन र बजारीकरण गर्ने संस्थाको मुख्य उद्देश्यले यस क्षेत्रका कृषकहरू प्रत्यक्ष लाभान्वित हुने विश्वास व्यक्त समेत गरे ।

कार्यक्रममा उद्योग तथा संस्थाबारे विस्तृत जानकारी दिँदै सहकारीका महाप्रबन्धक डम्बर बहादुर शाहले उद्योग सञ्चालनसँगै यस क्षेत्रका किसानहरूले उन्नत जातका धान, गहुँ, मकै, तोरी लगायतका बिउबिजनको ग्रेडिङ र प्याकेजिङ स्थानीय स्तरमै गर्न पाउने बताए । 'किसानहरूलाई उचित मूल्यमा सहज र सर्वसुलभ रूपमा गुणस्तरीय बिउ उपलब्ध गराउने र उचित मुल्यमा किसानका उत्पादनहरु खरिद गरिदिने मुख्य लक्ष्यका साथ यो उद्योग स्थापना गरिएको हो'- महाप्रबन्धक शाहले बताए ।

कुल रु. १ करोड ४१ लाख ३० हजार लगानीमा बनेको यस उद्योगको भवन निर्माणका लागि लम्कीचुहा नगरपालिकाले रु. २५ लाख र मेसिनरी खरिदका लागि सुदूरपश्चिम प्रदेश सरकारले रु. १७ लाख १५ हजार अनुदान उपलब्ध गराएको संस्थाले जनाएको छ । उद्योग सञ्चालन तथा बिउ उत्पादनलाई प्रवर्द्धन गर्न सहकारीले ४१ जना कृषक र १ कृषि सहकारी संस्थालाई आवश्यक स्रोत-साधन उपलब्ध गराएको छ । संस्थाको सहयोगमा कृषक र कृषि सहकारीले कुल १४० बिघा क्षेत्रफलमा धानको मूल बिउ उत्पादनका लागि खेती सुरु गरिसकेका छन् ।

# सुशासन र समृद्धि रातारात सम्भव छैन : सांसद ढकाल

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद हरि ढकालले मुलुकमा सुशासन कायम गर्न र नागरिकमा राज्यप्रति विश्वास जगाउनु नै वर्तमान समयको सबैभन्दा ठूलो उपलब्धि हुने बताएका छन् ।




आइतबार ललितपुरमा आयोजित एक कार्यक्रममा मुलुकको वर्तमान अवस्था र सुशासनका सम्बन्धमा आफ्नो धारणा राख्दै राज्य व्यवस्था तथा सुशासन समितिका सभापति समेत रहेका ढकालले देश एकैपटक समृद्ध नहुने र सुशासन पनि रातारात नआउने जिकिर गरे ।

उनले अहिलेको आवश्यकता एकअर्कालाई दोषारोपण गर्नुभन्दा पनि नागरिकमा आशा र विश्वास जगाउने खालका बहस पैरवी गर्नु रहेको बताए । विगतमा आफूहरूले उठाएका प्रश्न र अहिले जिम्मेवारीमा पुग्दा भोग्नुपरेका व्यवहारिक कठिनाइलाई स्वीकार गर्दै उनले सकारात्मक परिवर्तनका लागि सबैको सामूहिक प्रयास र विश्वास आवश्यक रहेकोमा जोड दिए ।

उनले प्रधानमन्त्री बालेन शाहप्रति लक्षित गर्दै प्रधानमन्त्री एक्लै नरहेको र यो कार्यकालमा सबैभन्दा ठूलो विश्वास जनतामा पैदा हुने किसिमको बनाउनुपर्ने बताए । उनले भने, 'प्रधानमन्त्रीज्यूले हिजो एक्लै भन्नुभएको छ क्यारे, एक्लै होइन, हामी हाम्रो यो हाम्रो कार्यकाल हाम्रो कार्यकालमा सबैभन्दा ठूलो चिज विश्वास जगाउनु पर्नेछ । एकैचोटी धनी भइँदैन । एकैचोटी देश धनी बन्दैन । एकैचोटी सुशासन आउँदैन ।'

उनले अगाडि भने, 'साउन-भदौमा वर्षा सकिए पनि कोशी, गण्डकी र कर्णाली जस्ता ठूला नदीहरू सङ्लो हुन असोज अन्तिम वा कात्तिक नै कुर्नुपर्छ । देशको सुशासन र समृद्धिको यात्रा पनि यस्तै धैर्यताको माग गर्ने विषय हो । त्यो बाटो हिँड्दा ग्यासको लाइन देख्दा मलाई निकै पोल्छ । लामो समयदेखिको त्यो समस्या समाधान गर्न नसकेको यथार्थलाई हामीले स्वीकार गर्नुपर्छ । कतिपय ठाउँमा काम गर्न नसकिएको विषय लुकाउनु हुँदैन ।' सभापति ढकालले नागरिकले दैनिक उपभोग्य वस्तुका लागि भोग्नुपरिरहेको सास्तीप्रति आफू संवेदनशील रहेको बताए ।

अहिलेको कार्यकालमा सरकार र सदन दुवैले नागरिकको भरोसा जित्ने गरी काम गर्नुपर्ने उनको भनाइ छ ।

---

**आजबाट नाईमा...**

सवारी साधनमा आकर्षण बढ्दो

विगतका वर्षहरुभन्दा सवारी साधनहरुमा मानिसहरुको आकर्षण पनि बढ्दो छ । विगतका वर्षहरुमा सडकहरु, ट्राफिक व्यवास्थापन जस्ता समस्याले गर्दा खासै मानिसहरुको सवारी साधनप्रति चासो थिएन । मानिसहरुको बुझाईमा पनि सवारी साधन भनेको बिलासिताको साधन धनी बर्गले मात्रै प्रायोग गर्छन भन्ने बझाई थियो । तर अचेल नेपालका नेपालीहरुको जिवनस्तर उकासिएको र सवारी साधन अनिवार्य सेवाको लागी लिनैपर्ने बाध्यता भएको छ ।

एक ठाउँवाट अर्को ठाउँ जानलाई आफ्नै सवारी साधन नभएकाहरुले सार्वजनिक यातायात प्रयोग गरेर आफन्त भेट्न, घुम्न जाने गरेका छन् ।

बजारमा मार्केटिङ गर्नेहरुको लागी टुहुइलर्स अर्थात बाइक, स्कुटर तथा अलि भिआइपी ब्यापारीहरुको लागी फोर हुइलरर्स सवारी साधन विकास निर्माणका लागी आवश्यक ट्रक, भ्यान, स्काभेटर, ट्याक्टर, डोजर जस्ता सवारी साधन नभई नहुने युगमा नेपाल पनि प्रवेश गरेको छ ।

विश्वमा दिनानु दिन बढ्दै गएको युद्ध र सन्त्रासले मानिसहरु ग्यास, पेट्रोल, डिजेलको अभाव हुने भएको हुनाले पछिल्लो समय वातावरणको दृष्टिले पनि राम्रो र आफ्नै देशमा उत्पादित विजुलीले चल्ने सवारी साधन किनेर प्रायोग गर्न नेपाली उपभोक्ताहरु खुशी देखिन्छन् ।

विद्युतिय सवारी साधनहरु महगो किन ?

नेपाल सरकारको नीति अनुसार नै विदेशमा बनेका विद्युतिय सवारी साधनलाई भन्सारमा १० प्रतिशत कर मात्र तिरेर नेपाल ल्याउन पाइने नियम छ । अन्य पेट्रोल, डिजेल सवारी साधनमा २०० प्रतिशतसम्म कर लगाउने गरिएको छ ।

यति हुदाहुदै पनि विद्युतिय गाडी सवारी साधन महगो भयो भनेर नेपाली उपभोक्ताले गुनासो गर्दै आएका छन् । विद्युतिय सवारी साधनले सार्वजनिक रुटमा पेसेन्जर बोक्दा पनि डिजेल, पेट्रोलकै मूल्य समायोजनको भाडा तिर्दा उपभोक्तालाई यसको खासै फाईदा भएको छैन । त्यसकारण नेपालमा सर्वसाधराण नागरिकले पनि सस्तो भाडादरमा सवारी साधन प्रायोग गर्न सक्ने गरी लगानीकर्ताहरुको छाता संस्था नाईमा, नाडाहरुले आउदा दिनमा नेपाली सर्वसाधराणको हितको लागी पनि योजना बनाएर काम गर्नुपर्ने र सम्बन्धित निकायसँग सहकार्य गरेर अगाडी बढ्नुपर्ने देखिन्छ ।

नेपालमा चल्ने सवारी साधन ५० प्रतिशत मात्र विद्युतबाट चलाउन सकिने हो भने वार्षिक झण्डै दुई खर्ब नेपाली रुपैया नेपालमा नै बस्ने आकडा रहदै आएको छ । यो २ खर्ब नेपाली रुपैया देशमा नै राख्न सक्नु भनेको नेपालको लागी देश विकासको लागी निक्कै ठूलो रकम हुन आउछ । शान्त, हरियाली, सफा देश निर्माणको लागि विद्युतिय गाडी सवारी प्रयोग गरौ ।

**राष्ट्रपति पौडेल...**

घोषणापत्र र जैविक विविधता महासन्धिप्रति हाम्रो पूर्ण प्रतिबद्धता रहेको छ । यी अन्तरराष्ट्रिय दस्तावेजहरूले आदिवासीको अधिकार र सांस्कृतिक स्वायत्ततालाई मान्यता दिएको छ,' उनले भने ।

राष्ट्रपति पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि नै आदिवासी जनजातिको हक, हितको संरक्षण र संवर्द्धनका लागि संविधानमा 'आदिवासी जनजाति आयोग' को व्यवस्था गरिएको बताउदै भने, 'यो संवैधानिक निकायले आदिवासीहरूको गौरवमय इतिहास, भाषा र संस्कृतिको रक्षा गर्दै उनीहरूको सशक्तीकरणमा काम गरिरहेको छ र यसले अझै प्रभावकारी ढङ्गले भूमिका निर्वाह गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।'

उनले नेपालको दक्षिणी समथर भूभाग, तराई-मधेसको विकास र त्यहाँ रहेका आदिवासी समुदायको न्याय र अधिकारबिना समृद्ध नेपाल सम्भव नभएको बताए ।

'विगतमा भएका द्वन्द्व र असन्तुष्टिहरूलाई लोकतान्त्रिक संवाद र संवैधानिक प्रक्रियामार्फत हल गर्दै दिगो शान्ति र सामाजिक सबै समुदायबीचको आपसी सद्भाव र एकताले नै राष्ट्रिय अखण्डतालाई बलियो बनाउँछ । लोकतन्त्रमा मात्रै सबै जात, जाति तथा पिछिडिएको समुदायको हक, अधिकार सुनिश्चित हुन्छ भन्ने हामीले कहिल्यै बिर्सन हुन्न,' पौडेलले भने ।

राष्ट्रपति पौडेलले आदिवासी जनजातिमा रहेको परम्परागत ज्ञान, सीप र प्रविधिलाई व्यावसायिक रूपान्तरण गरी उनीहरूको आर्थिक सशक्तीकरण गर्नु आजको आवश्यकता भएको बताउँदै ओपन एयर लिभिङ म्युजियम जस्ता अवधारणाहरूमार्फत आदिवासी संस्कृतिलाई पर्यटनसँग जोडी आर्थिक लाभ लिने नीति हामीले अवलम्बन गर्नुपर्ने पनि बताए ।

**सरकारले...**

१० प्रतिशत मासिक प्रोत्साहन भत्ता बापतको रकम पाउने छन् ।

सो अनुसार मुख्य सचिवको सुरुको तलबमान ८४ हजार ९३२, राजपत्रांकित विशिष्ट श्रेणीको ७९ हजार २९०, अतिरिक्त सचिव (पेन्सन प्रयोजन)का लागि ६६ हजार ५३९ तोकेको छ । त्यसैगरी राजपत्राङ्कित प्रथमको लागि ६२ हजार ४६६ तोकिएको छ । त्यस्तैगरी राजपत्राङ्कित द्वितीयको ५३ हजार ६११, राजपत्राङ्कित तृतीयको ४८ हजार ५८ तलबमान तोकिएको छ ।

त्यसैगरी राजपत्र अनङ्कित प्रथम अतिरिक्त मान पेन्सनको लागि ४१ हजार ५१७, राजपत्र अनङ्कित प्रथम ३८ हजार २०३, राजपत्र अनङ्कित द्वितीय अतिरिक्त मान पेन्सन ३७ हजार ४०७, राजपत्र अनङ्कित द्वितीय ३६ हजार १९२, राजपत्र अनङ्कित तृतीयको लागि ३० हजार ३७३ र राजपत्र अनङ्कित चतुर्थको लागि २८ हजार ६९० तोकिएको छ ।

**आदिवासी जनजाति...**

सामाजिक न्याय तथा भाषा, संस्कृति र पहिचानका क्षेत्रमा अधिकार सुनिश्चित गरेको उल्लेख गर्दै उनले संघीय लोकतान्त्रिक गणतन्त्रले राज्यका विभिन्न निकायमा विविध समुदायको प्रतिनिधित्वका लागि अवसर सिर्जना गरेको बताए ।

वर्तमान सरकारले सभ्यता, संस्कृति, जैविक विविधता र मानव अस्तित्वलाई महत्व दिँदै वार्षिक नीति तथा कार्यक्रम र बजेटमार्फत समेत सम्बोधन गरेको उनको भनाइ थियो । धार्मिक, सांस्कृतिक, पर्यावरणीय तथा सामाजिक महत्व बोकेका सम्पदा, आदिवासी समुदायका परम्परागत सीप तथा आध्यात्मिक मूल्यलाई राष्ट्रिय सम्पदाका रूपमा संरक्षण गरी आगामी पुस्ताका लागि जोगाउनुपर्नेमा उनले जोड दिए ।

मन्त्री श्रेष्ठले आदिवासी जनजाति समुदायले प्राप्त गरेका अधिकार संस्थागत भए नभएको विषयमा आत्मसमीक्षा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । प्राप्त अधिकारलाई संस्थागत गरिएन भने त्यसको पुस्तान्तरण हुन सक्दैन । नयाँ पुस्तालाई आफ्नो इतिहास, भाषा, संस्कृति, सम्पदा, सीप र अधिकारबारे सचेत बनाउन सकेनौँ भने हाम्रो पहिचान क्रमशः कमजोर हुँदै जान्छ, उहाँले भन्नुभयो ।

उनका अनुसार अबको आवश्यकता अधिकार थप्ने मात्र नभई प्राप्त अधिकारको संरक्षण, कार्यान्वयन र संस्थागत विकास गर्नु हो । आदिवासी जनजातिको अधिकारलाई अवसर र आर्थिक विकाससँग जोड्नुपर्ने उनको भनाइ थियो । मन्त्री श्रेष्ठले आदिवासी समुदायका सम्पदालाई संग्रहालयमा सीमित नराखी जीवन्त प्रयोगमा ल्याउनुपर्ने बताए । संस्कृति पर्व तथा उत्सवमा प्रदर्शन गर्ने विषय मात्र नभई समुदायको पहिचान र अर्थतन्त्रसँग जोडिएको शक्तिका रूपमा विकास गर्नुपर्ने उहाँले धारणा राखे ।

त्यस्तै, परम्परागत सीप, ज्ञान र जीवनशैलीलाई विज्ञान तथा प्रविधिसँग जोड्दै नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्नेमा उनले जोड दिए । परम्परागत ज्ञान र सीप नेपालको दिगो विकासका लागि महत्वपूर्ण स्रोत बन्न सक्ने उनको भनाइ थियो । हाम्रा भाषा, संस्कार, परम्परा, मौलिक कला र अमूर्त सांस्कृतिक सम्पदा समुदायको पहिचान मात्र होइनन्, राष्ट्रका अमूल्य धरोहर हुन् । तिनको संरक्षण, संवर्द्धन र पुस्तान्तरण गर्नु हामी सबैको साझा कर्तव्य हो, उनले भने ।

नेपालको शक्ति नै विविधतामा रहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले हिमालदेखि तराईसम्म तथा पूर्वदेखि पश्चिमसम्म फैलिएको सामाजिक, सांस्कृतिक र भाषिक विविधतालाई मुलुकको सबैभन्दा ठूलो सम्पत्तिका रूपमा संरक्षण गर्नुपर्ने बताउनुभयो । तर बसाइँसराइ, तीव्र आधुनिकीकरण, जलवायु परिवर्तन, प्रविधिमा आधारित जीवनशैली तथा बाह्य संस्कृतिको प्रभावका कारण आदिवासी जनजाति समुदायको भाषा, संस्कृति, परम्परा र पहिचानमा चुनौती थपिँदै गएको बताउनुभयो ।

---

## सुसेली

# महिमा यो साउन



**चन्द्रा न्यौपाने**
**संरक्षक एवम् संस्थापक केन्द्रीय सल्लाहकार**
**राष्ट्रिय सुसेली फाउन्डेसन, नेपाल**

मास साउन
हामीमाझ भो सुरु
चाड आउन ।१ ।

साउन एक
चोखो, मीठो, रम्यमा
खुसी अनेक ।२ ।

लिई सुमन
लुतो फाल्ने भावमा
हुन्छ पुजन ।३ ।

दियो बाल्दछौं
पुज्छौं बोट अनेक
लुतो फाल्दछौं ।४ ।

त्यूरीको पात
रङ्याइन्छ पिसेर
हाम्रा यी हात ।५ ।

व्याधि चोटमा
औषधीय छ गुण
त्यूरी बोटमा ।६ ।

सारा हरियो
फूल रङ्गीविरङ्गी
दङ्ग परियो ।७ ।

भावभङ्गिमा
इन्द्रेणीको मौसम
सप्तरङ्गीमा ।८ ।

रङ्गीचङ्गीमा
पृष्ठभूमि प्रकृति
साथी सँगीमा ।९ ।

रातो, हरियो
साथसाथ पहेंलो
मख्ख परियो ।१० ।

हाम्रा पोशाक
संयोजन त्रिरङ्ग
हुन्छ यो मास ।११ ।

हरियो रङ्ग
प्रेमको साथसाथ
वातावरण ।१२ ।

रातो रङ्गमा
सौभाग्यको प्रतीक
हामी दङ्गमा ।१३ ।

प्रतीक छ यो
पवित्रता हामीमा
रङ्ग पहेंलो ।१४ ।

खानपानमा
परिकार दूधका
हामीमाझमा ।१५ ।

विशेष गरी
खीर खाने चलन
छ वरिपरि ।१६ ।

बढ्छ गरिमा
साउनको महिना
शिव महिमा ।१७ ।

हाम्रो संस्कार
व्रत ठूलो महत्त्व
छ सोमबार ।१८ ।

हटून् विकृति
महिमा यो साउन
बचून् संस्कृति ।१९ ।

पुगून् चाहना
सुस्वस्थ होस् देशमा
शुभकामना !२०!

# प्रदीप रावत अब सम्झनामा

काठमाडौं- भारतीय चलचित्रका चर्चित अभिनेता तथा खलनायकको भूमिकाबाट विशेष पहिचान बनाएका प्रदीप रावतको ७४ वर्षको उमेरमा निधन भएको छ । उनी केही समयदेखि ब्लड क्यान्सरसँग जुधिरहेका थिए र उपचारकै क्रममा मुम्बईमा मंगलबार साँझ उनको निधन भएको हो । उनको निधनसँगै भारतीय तथा नेपाली चलचित्र क्षेत्रमा शोकको लहर फैलिएको छ ।

प्रदीप रावतले अभिनय यात्रा टेलिभिजन धारावाहिक महाभारतमा अश्वत्थामाको भूमिकाबाट सुरु गरेका थिए । त्यसपछि लगान, सरफरोश, गजनी, राउडी राठौर लगायत हिन्दी तथा दक्षिण भारतीय चलचित्रमा शक्तिशाली खलनायकका रूपमा उनी लोकप्रिय बने । विशेष गरी गजनीमा उनले निभाएको भूमिका आज पनि दर्शकमाझ स्मरणीय मानिन्छ ।



नेपालसँग पनि उनको विशेष सम्बन्ध थियो । उनले नेपाली चलचित्र ह्रस्व दीर्घ र आ बाट आमा तथा आ बाट आमा-२ मा अभिनय गरेका थिए । नेपाली कलाकार हरूसँगको सहकार्य र नेपालप्रतिको आत्मीयताका कारण उनी नेपाली दर्शकमाझ पनि उत्तिकै प्रिय थिए । उनको निधनपछि नेपाली कलाकार हरूले सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

चार दशकभन्दा लामो अभिनय यात्रामा प्रदीप रावतले हिन्दी, तमिल, तेलुगु र नेपाली चलचित्रमा सयौं स्मरणीय पात्रहरू जीवन्त बनाए । पर्दामा कठोर खलनायकको छवि भए पनि सहकर्मीहरूका अनुसार उनी व्यक्तिगत जीवनमा सरल र सहयोगी स्वभावका कलाकार थिए । उनको निधनसँगै भारतीय उपमहाद्वीपले एक अनुभवी र बहुआयामिक कलाकार गुमाएको छ ।

# तीज गीतमा चम्किँदै बिडारी दिदीबहिनीहरू

काठमाडौं- तारकेश्वर ८, मा अवस्थित सहदेव ड्राइभिङ सेन्टर राता साडी लगाएका दिदीबहिनीले भरिएको थियो । तीजको झल्को आउने गरि दिदीबहिनीहरूको लर्को देख्दा स्थानीयहरू समेत दङ्ग थिए ।

त्यहाँ त तीजगीतको भव्य छायांकन रहेछ । प्रतिभाशाली खैजडी भजनकी गुरु उमा बिडारीको शब्द र लयमा तयार पारिएको तीज गीतमा उमा बिडारीकै स्वर अनि स्वरमा कोरस दिने आफ्नै दिदी बहिनी गोमा बिडारी र रमा बिडारी आहा कस्तो मिलेको मन र रुचि ।

यसै गरि अभिनय गरेका थिए बिडारी चेलीका छोरीहरूले। आमाहरू गाउने, निर्माण गर्ने छोरीहरू अभिनय गर्ने। हुन त बिडारी परिवार नै साँगितिक परिवार हो । आमा




भगवती बिडारी आफैमा चर्चित भजन गायिका हुन् । उमा विडारीको युट्युव च्यानलमा चाँडै यो तीज गीत सार्वजनिक हुँदैछ । हुन त उमा बिडारी अर्को तीज गीत झझल्को भाइको सुख शान्ति मिडिया मार्फत प्रसारण भइसकेको छ ।

# ‘गौंथली’को कमाइ साढे १९ करोड नाघ्यो

काठमाडौं- यस वर्षको दोस्रो ब्लकबस्टर फिल्म ‘गौंथली’ले प्रदर्शनको २४ दिनमै ठूलो व्यावसायिक उपलब्धि हासिल गरेको छ । चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको सिनेपाः बक्स अफिसको विवरणअनुसार फिल्मले हिजो आइतबार (२४ साउन)सम्म १९ करोड ७१ लाखभन्दा बढी कमाइ गरेको छ । योसँगै ‘गौंथली’ सर्वाधिक कमाउने चौथो नेपाली फिल्म बनेको छ ।

अब यो फिल्म १९ करोड ९२ लाखसहित तेस्रो स्थानमा रहेको ‘१२ गाउँ’को रेकर्ड तोड्ने बाटोमा छ । सम्भवतः सोमबार साँझसम्म यो रेकर्ड तोडिन सक्छ । यसपछि ‘कबड्डी ४’को २१ करोड ४० लाखको रेकर्ड तोड्ने बाटोमा फिल्म अगाडि बढ्नेछ । फिल्मको व्यापारिक रफ्तार हेर्दा नेपाली फिल्मको इतिहासमै सर्वाधिक कमाउने दोस्रो फिल्म बन्ने निश्चित देखिन्छ ।

साउन १ गतेबाट प्रदर्शनमा आएको फिल्मले चौथो सातामा पनि आक्रामक व्यापारलाई कायम राखेको छ । गत शनिबार मात्र फिल्मले डेढ करोडभन्दा बढी कमाइ गऱ्यो । आइतबारको व्यापार पनि ४० लाखमाथि छ । यसले फिल्मप्रति दर्शकको आकर्षण अझै नघटेको स्पष्ट देखाउँछ । विशेषगरी महिला दर्शकहरूको चाप हलमा उच्च देखिएको छ । बोर्डको तथ्यांकअनुसार




आइतबारसम्म फिल्मका ७ लाख १५ हजार १९८ वटा टिकट बिक्री भएका छन् । २४ दिनमा यति ठूलो संख्यामा टिकट बिक्री गर्ने ‘पूर्णबहादुरको सारङ्गी’पछिको यो पहिलो फिल्म हो । अब सबैको चासो एउटै छ– ‘गौंथली’ले कीर्तिमानी फिल्म ‘पूर्णबहादुरको सारङ्गी’को कमाइलाई पनि उछिन्ला ? यसका लागि फिल्मले अझै २७ करोड बढी कमाउनुपर्छ । डा. भोला रिजालका छोरा डा. कपिल रिजालको निर्देशनमा बनेको यस फिल्ममा अरुण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारहरूको अभिनय रहेको छ ।

# क्रियटिभ म्युजिक अवार्ड २०२६
## १५ विधाका उत्कृष्ट पाँच मनोनयन सार्वजनिक

काठमाडौं- एक्टिभ म्युजिक प्रा.लि.को आयोजनामा हुन लागिरहेको तेस्रो कृयटिभ इन्टरनेशनल म्युजिक अवार्ड – २०२६ को उत्कृष्ट पाँच मनोनयन सार्वजनिक गरिएको छ । तिन बर्ष अगाडीबाट शुरु गरिएको यो अवार्ड प्रतेक बर्ष आयोजना गरिदै आएको छ । आयोजक संस्था एक्टिभ म्युजिक प्रा.लि.का प्रवन्ध निर्देशक बिजेन्द्र नौबागेले यो वर्ष १५ बिधामा प्रत्यक्ष रुपमा अवार्ड प्रदान गरिन लागेको बताउनु भएको छ । उत्कृष्ट पाँच मनोनयन घोषणा संगै केहि दिन भित्रै आन्तरिक प्राबिधिक काम सकाएर यसलाई इसेवा मार्फत भोटिङ प्रणालीमा लैजाने तयारि भएको प्रवन्ध निर्देशक बिजेन्द्र नौबागेले जानकारी गराउनु भयो ।

यसको फाईनल कहिले र कहाँ गर्ने भन्ने बिषयमा कम्पनिमा छलफल भईरहेको बताउँदै नौबागेले यो पल्टको अवार्ड सकेसम्म काठमाडौं उपत्यका बाहिर गर्ने तयारी रहेको समेत बताउनु भयो । अर्वाडलाई स्वच्छ प्रतिश्पर्धाको आधारमा वितरण गर्नको लागि यसलाई ईसेवा भोटिङ प्रणालीमा लाने गरिएको पनि प्रवन्ध निर्देशक बिजेन्द्र नौबागेले प्रष्ट पार्नं भयो ।

आयोजकको मनोमानीले अर्वाड वितरण गर्दा स्वच्छ जस्तो नदेखिए पछि ईसेवा भोटिङको ६०




प्रतिशत र निर्णायक मण्डलको ४० प्रतिशत अंक राखेर अवार्ड वितरणगर्ने आयोजकले तयारी गरिरहेको समेत उहाँले जानकारी गराउनु भयो । सर्वोत्कृष्ट पाँच भित्र पर्न सफल व्यक्तिहरुको विवरण यस प्रकार रहेको छ ।

सर्वोत्कृष्ट ध्वनि रेकडिङ तर्फ सागर बाजुराली, राज खड्का, दिपक वि.सी, सुमन राना, रन्जन राई रहेका छन् । सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशक तर्फ मौसम हिमाली, विनोद सुन्दास, जोन राई, दिपक एसके, जेरी भण्डारी रहेका छन् ।

सर्वोत्कृष्ट लाईभ दोहोरी गीत देवि खवास, सुनिता सुनार, अनिल परियार, सन्तोश दवडी, गँगा मगर रहेका छन् ।

सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत लय संकलन तर्फ सुदिप परियार, गणेश बाबु बिक, सुर्य मम्बा तामाङ, नविन परियार, सुन्दर आरडी रहेका छन् ।

सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत म्यूजिक भिडियो मोडल महिला तर्फ चाहाना मगर, अस्मिता रनपाल, अस्मिता पुरी, टिका जैसी, जुना गुरुङ रहेका छन् ।

सर्वोत्कृष्ट आधुनिक रलोक आधुनिक गीतकार तर्फ देवेन्द्र शारु मगर, चन्द्र जयपाल राई, कुमार केरुङ, रबिन्द्र साही ठकुरी, प्रकाश दर्नाल रहेका छन् ।

सर्वोत्कृष्ट आधुनिक गीत म्यूजिक भिडियो मोडल पुरुष तर्फ रमेश विश्वकर्मा, बिरेन्द्र नौभाग्य, सोनाम तामाङ, रोजन सुन्दास, बिक्रम बुढाथोकी रहेका छन् ।

सर्वोत्कृष्ट आधुनिक गीत म्युजिक भिडियो मोडल महिला तर्फ आश्मा विश्वकर्मा, सानु बि.सी., शिखा बि.सी., सुश्मिता श्रेष्ठ, जुना सुन्दास, पबित्रा अर्याल (पबी)रहेका छन् ।

सर्वोत्कृष्ट आधुनिक तथा लोक आधुनिक गीत गायक तर्फ सुरेश अन्जान, राहुल श्रेष्ठ, एनिस एन्जल राई, कृष्णराज भण्डारी, मंगल सिं प्रजा, जनक बिवस रहेका छन् ।

सर्वोत्कृष्ट आधुनिक तथा लोक आधुनिक गायीका तर्फ मेनुका राई, समिक्षा अधिकारी, सञ्जिता चेपाङ, उषा गजुरेल, बिमला परियार रहेका छन् । सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत शब्द संकलक तर्फ नेत्र अर्याल, घनश्याम रिजाल, साबित्रा सिलवाल, कान्छा सारु मगर, गोबिन्द बहादुर प्रधान रहेका छन् ।

सर्वोत्कृट लोक तथा दोहोरी गीत गायक तर्फ बिजय गौतम, दिनेश क्षेत्री, हरी सुनार, अमृत आचार्य, माईला गुरु, अनमोल रसाईली रहेका छन् । सर्वोत्कृष्ट लोक तथा दोहोरी गायीका तर्फ शान्ति श्री परियार, शान्तारानी परियार, संगम लामिछाने, सुमन राना, सुमितामी परियार रहेका छन् ।

सर्वोत्कृष्ट लोक तथा दोहोरी नव गायीका देवी आचार्य, बिमला सुनार, मालती परियार, कृष्ण मल्ल ठकुरी, बिष्णु परियार रहेका छन् ।

सर्वोत्कृष्ट राष्ट्रिय गीत तर्फ डि.बि.पराजुली, प्रेम शर्मा पौडेल, मोहन कार्की, नवराज जंग थापा, ईवेश तिरुवा रहेका छन् ।

# ‘अक्षरा’को टिजरमा महिला हिंसाको कथा



काठमाडौं- विनयराज पौडेलको निर्देशनमा बनेको फिल्म ‘अक्षरा’को टिजर सार्वजनिक गरिएको छ । सोमबार युट्युबमार्फत सार्वजनिक २ मिनेट लामो टिजरले फिल्मको कथावस्तु संक्षिप्तमा प्रकाश पारेको छ । अभिनेता सुशील सिटौला र अभिनेत्री न्यान्सी खड्कालाई केन्द्रमा राखिएको टिजरमा महिलामाथि हुने हिंसालाई मर्मस्पर्शी रूपमा देखाइएको छ ।

टिजरअनुसार न्यान्सीको धनाढ्य परिवारका युवक (सुशील)सँग विवाह हुन्छ । तर, विवाहअघि सोझा र इमानदार देखिएका सुशीलले विस्तारै मदिरा सेवन गरेर श्रीमतीमाथि कुटपिट गर्न थाल्छन् । त्यसपछि न्यान्सीको पात्रले भोग्नुपर्ने कठिन परिस्थितिलाई टिजरमा देखाउन खोजिएको छ । टिजर हेर्दा पारिवारिक कथावस्तु मनपर्ने दर्शकलाई फिल्म रुचिकर हुने देखिन्छ ।


भदौ २६ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा सुशील र न्यान्सीसहित रिस्ता बस्नेत, सुशील पोखरेल, उत्तम केसी, अंशु महर्जन, पुष्कर राउत, गीता अधिकारी, वीरेन्द्र कुशवाह, सृजना अधिकारी, मोहन अधिकारी, सुमन ज्योति न्यौपाने, सृष्टि खड्का, रोनक खड्का, प्रीसा ढुङ्गाना, त्रिलोचन न्यौपानेलगायतका कलाकार हरूको अभिनय देख्न सकिनेछ ।

सोनी थापा (ढुङ्गाना) प्रस्तुतकर्ता रहेको फिल्ममा उग्रसेन ढुङ्गाना र सुग्रसेन ढुङ्गाना निर्माताको रूपमा छन् । कार्यकारी निर्मातामा सुरज थापाकाजी र सुमन ज्योति न्यौपाने रहेका छन् ।

# ‘मास्टर्नी’ पुनः ८ दिन किन खिचियो ?

काठमाडौं- अभिनेत्री प्रियंका कार्कीले पहिलो पटक निर्माण गरेको फिल्म ‘मास्टर्नी’ आगामी भदौ ५ गतेबाट प्रदर्शनमा आउँदैछ । यसमा उनी स्वयं मख्य भूमिकामा छिन् । फिल्मको निर्देशन भने शुभेन्दु घोषले गरेका हुन् । उनी बंगाली भाषी निर्देशक हुन् । यसअघि उनले अभिनेता जितु नेपालले निर्माण गरेको फिल्म ‘आइएम जितबहादुर’ बनाएका थिए ।

शुभेन्दुले ‘मास्टर्नी’को सम्पूर्ण छायांकन २१ दिनमै सकाएका थिए । त्यसपछि उनले भारतमा फिल्मको पोस्ट प्रोडक्सनको काम सुरु गरे । मुम्बईको यशराज स्टुडियोमा डबिङ र सम्पादनको काम भयो । फिल्मको पोस्ट प्रोडक्सनको काम लगभग पूरा भइसकेको थियो । त्यही बीचमा प्रियंकाले सिमोस सुनुवारलाई



निर्देशक लिएर ८ दिनसम्म फिल्मको पुनः छायांकन गरिन् । गत बिहीबार काठमाडौंमा आयोजित ट्रेलर सार्वजनिक कार्यक्रममा प्रियंकाले फिल्म ‘रि-सुट’ गरेको निर्धक्क स्वीकार गरिन् । उनका अनुसार २ महिनाअघि नै फिल्म तयार भइसकेको थियो । त्यसपछि सीमित परिवार र नजिकका व्यक्तिहरू बसेर फिल्म हेरेपछि केही दृश्य पुनः खिच्ने निर्णय गरेको उनले बताइन् । तर, त्यो सुट शुभेन्दु घोषसँगको सहमतिमै गरिएको उनको दाबी छ । उनले भनिन्, ‘हो, हामीले ७-८ दिन फिल्म पुनः खिचेका हौं । फिल्म हेरेपछि केही परिवर्तन गर्नुपर्छ भन्ने हामीलाई महसुस भयो । शुभेन्दु घोष पनि त्यसमा सहमत हुनुभयो । भारतमा पोस्टको काम भइरहेकाले उहाँ छायांकनमा भने आउन पाउनुभएन । त्यसपछि नै सिमोस सुनुवार हामीसँग जोडिनुभएको हो । र, ८ दिनको ‘सुट’ उहाँले नै गर्नुभयो ।’

उनले ‘मास्टर्नी’ आफ्नो प्रोडक्सनको पहिलो फिल्म भएकाले रिलिजको अन्तिम समयसम्म पनि सुधार गर्न सकिने कुरामा पछि नहट्ने बताइन् । ‘चाहे निद्रा हराम होस् वा म अझै ५ केजी दुब्लाऊँ, फिल्मलाई अझ राम्रो बनाउन सक्दो प्रयास गर्नेछु ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१९, अंक- ३,
२०८३ साल साउन २६ गते मंगलबार
11 AUGUST 2026, TUESDAY

# नाईमा अटो एक्स्पोमा डोङफेङ बस सार्वजनिक हुदै




काठमाडौं- हिमालयन अर्गनाइजेशन अन्तर्गत रहेको आयाम इन्टरकन्टिनेन्टलले चीनको बहुप्रतिष्ठित कम्पनी नाईमा अटो एक्स्पोमा डोङफेङ बस सार्वजनिक हुने भएको छ ।

उक्त कम्पनीका बसहरू काठमाडौंको भृकुटीमण्डपमा आज देखि आयोजना भइको नाईमा अटो एक्स्पोमा सार्वजनिक गर्ने भएको हो । कम्पनीले हाल दुईवटा बसको मोडल सार्वजनिक गर्न लागेको उल्लेख छ ।

डोङफेङ चीनको सबैभन्दा ठूलो तथा प्रतिष्ठित अटोमोबाइल उत्पादक कम्पनी हो । सन् १९६९ मा स्थापना भएको यो कम्पनी चीन सरकारको स्वामित्वमा रहेको छ। यो कम्पनीले विश्वस्तरीय प्रविधि प्रयोग गरी यात्रुवाहक सवारी, व्यावसायिक सवारी, बस, ट्रक, विद्युतीय सवारी (ईभि), विशेष प्रयोजनका सवारी तथा अटोमोबाइलका विभिन्न पार्टपुर्जा उत्पादन गर्दै आएको छ ।

पाँच दशकभन्दा लामो अनुभवका साथ डोङफेंगले गुणस्तर, विश्वसनीयता, सुरक्षा र नवीन प्रविधिका कारण विश्व बजारमा आफ्नो विशिष्ट पहिचान स्थापित गरिरहेको छ । डोङफेंगका सवारी साधन एशिया, युरोप, अफ्रिका, मध्यपूर्व, दक्षिण अमेरिका लगायत विश्वका धेरै देशमा सञ्चालनमा छन्। कम्पनीले अन्तर्राष्ट्रिय बजारमा गुणस्तरीय उत्पादन, प्रतिस्पर्धी मूल्य तथा उत्कृष्ट बिक्रीपछिको सेवाका कारण राम्रो प्रतिष्ठा कमाएको छ । हाल यसको उत्पादन विश्वका १ सय भन्दा बढी देशमा निर्यात हुँदै आएको छ। नेपालमा पनि डोङफेंग ब्रान्डका ट्रक, कार तथा माइक्रोबसहरू पहिलेदेखि नै बिक्रीका साथै लोकप्रिय रहँदै आएका छन् ।

हिमालय अर्गनाइजेशन अन्तर्गत रहेका कम्पनीहरूले विगत देखि नै भारतको फोर्स मोटर्स तथा चीनको एसएआईसी ग्रुप अन्तर्गत रहेको म्याक्सस कम्पनीका सवारी साधनहरूको नेपालका लागि आधिकारिक विक्रेताको रूपमा कार्य गर्दै आएकोमा हाल नेपाल सरकारले ठूला प्रकारका विद्युतीय बसहरूलाई प्राथमिकतामा राख्ने नीति बनाउन थालेको तथा नेपालका ग्राहकहरूले पनि ठुला प्रकारका विद्युतीय बसहरूको माग गर्न थालेको अवस्थालाई ध्यानमा राखेर यो ब्रान्डका बसहरू नेपाल भित्र्याएको जनाएको छ । उक्त अटो एक्स्पोमा ७.२ मिटरका २६ देखि ३० सिट क्षमताका बसहरू सार्वजनिक गर्न लागिएको छ भने निकट भविष्यमा नै यसै कम्पनीका ३८ र ५२ सिट क्षमता भएका ९ र १२ मिटरका बसहरू पनि कम्पनीले नेपाल ल्याउन लागेको जानकारी दिएको छ ।

यसको मूल्य तथा अन्य विवरणहरू भने कम्पनीले सोही अटो एक्सपोमा नै जानकारी गराउने भनेको छ तर कम्पनीले अहिले नै घोषणा के गरेको छ भने त्यहाँ सार्वजनिक गर्न लागिएका उक्त बसहरु हाल नेपालमा उपलब्ध अन्य कम्पनीका बसहरूको भन्दा निकै कम मूल्यमा ग्राहकहरू समक्ष सार्वजनिक गरिने जानकारी दिएको छ । जसका कारण सबैमा कौतुहलता बढेको छ भने एक्सोमा बुकिङ गर्ने ग्राहकहरूलाई विशेष छुटको योजना समेत प्रस्तुत गर्न लागिएको जानकारी दिएको छ । बिग्रीएपछिको सेवा तथा स्पेयर पाट्र्सका लागि हिमालय अर्गनाइजेसन अन्तर्गतका विभिन्न कम्पनीहरूले नेपालभरि विभिन्न सहरहरूमा रहेका आफ्ना शाखा तथा डिलरहरू मार्फत उपलब्ध गराइने जानकारी समेत दिएको छ ।

# नाइमा मोबिलिटी एक्स्पोमा सार्वजनिक हुँदै ‘चेरी क्यू’



काठमाडौं- बहुप्रतीक्षित विद्युतीय सवारीसाधन चेरी क्यु आधिकारिक सार्वजनिक प्रदर्शनअघि नै काठमाडौंमा देखिएपछि अटोमोबाइल क्षेत्र र सर्वसाधारणबीच यसको चर्चा बढेको छ । नेपालका लागि चेरीको आधिकारिक वितरक पायोनियर मोटो कर्प प्रा.लि.ले चेरी क्यूको औपचारिक सार्वजनिक प्रस्तुति आगामी नाइमा मोबिलिटी एक्स्पो २०२६ मा हुने जनाएको छ ।

एक्स्पो यही अगस्ट ११ देखि १६ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुँदैछ । कम्पनीका अनुसार चेरी क्यू नयाँ पुस्ताको विद्युतीय सवारीसाधन हो, जसले आधुनिक डिजाइन, स्मार्ट प्रविधि र शहरी यात्राको नयाँ अवधारणालाई समेटेको छ ।


एक्स्पोमा आउने आगन्तुकहरूले पहिलोपटक यो गाडीलाई नजिकबाट अवलोकन गर्ने अवसर पाउनेछन् ।

चेरी क्यूमा ४१.२ किलोवाट घण्टा क्षमताको ब्याट्री जडान गरिएको छ ।यसले एकपटक पूर्ण चार्जमा करिब ४०० किलोमिटरसम्म यात्रा गर्न सक्ने कम्पनीको दाबी छ ।

गाडीमा ५४० डिग्री वरपरको दृश्य देखाउने क्यामेरा प्रणाली, १७५ मिलिमिटर उचाइको ग्राउन्ड क्लियरेन्स, ७० लिटर क्षमताको अगाडिको भण्डारण स्थान, १५.६ इन्चको टचस्क्रिन सूचना तथा मनोरञ्जन प्रणाली र २० भन्दा बढी उन्नत चालक सहायता प्रणाली जस्ता सुविधा उपलब्ध छन् ।

आधुनिक सहरी जीवनशैलीलाई ध्यानमा राखेर तयार पारिएको चेरी क्यू आकर्षक डिजाइन र प्रविधिको संयोजन भएको कम्पनीको भनाइ छ । अन्तर्राष्ट्रिय स्तरमा समेत चर्चा कमाएको चेरी क्यूले रेड डट डिजाइन अवार्ड २०२५ र आईएफ डिजाइन अवार्ड २०२६ जस्ता प्रतिष्ठित डिजाइन पुरस्कार प्राप्त गरिसकेको छ । काठमाडौंमा आधिकारिक सार्वजनिक प्रदर्शनअघि नै देखिएपछि यो विद्युतीय सवारीसाधन सामाजिक सञ्जालमा समेत चर्चाको विषय बनेको छ । नाइमा मोबिलिटी एक्स्पो २०२६ मा यसको औपचारिक सार्वजनिक प्रस्तुतिप्रति अटोप्रेमीहरूको चासो बढेको जनाइएको छ ।

# सिप्रदीको कपन वर्कसप सौर्य ऊर्जाबाट चल्ने




काठमाडौं- सिप्रदी ट्रेडिङ प्रालि र नवीकरणीय ऊर्जाको क्षेत्रमा कार्यरत प्राइम रिन्युएबल्स प्रालिको सहकार्यमा काठमाडौंको कपनस्थित सिप्रदी वर्कसपमा ८६.४ किलोवाट क्षमताको रूफटप सोलार पीभी प्लान्ट सञ्चालनमा आएको छ ।

उक्त सोलार प्लान्टको उद्घाटन सिप्रदी ट्रेडिङका सीईओ राजन बाबु श्रेष्ठ र प्राइम रिन्युएबल्सका अध्यक्ष आशिष गर्गले संयुक्त रूपमा गरेका हुन् । उद्घाटन कार्यक्रममा सिप्रदीका सीईओ श्रेष्ठले विद्युतीय सवारीसाधनको बिक्री तथा वितरणमा मात्र सीमित नभई यसको सम्पूर्ण प्रयोग र सर्भिसिङ प्रक्रियालाई वातावरणमैत्री र दिगो बनाउने कम्पनीको प्रतिबद्धता रहेको बताए ।

उनका अनुसार कपन ईभी वर्कसपमा सौर्य ऊर्जा प्लान्ट स्थापना हुनु सोही प्रतिबद्धताको महत्वपूर्ण कदम हो ।

अब ईभी चार्जिङदेखि मर्मत तथा सर्भिसिङसम्मका काममा स्वच्छ ऊर्जाको प्रयोग गर्न सकिने उनले बताए ।

प्राइम रिन्युएबल्सका अध्यक्ष गर्गले विद्युतीय सवारीसाधनलाई ऊर्जा प्रदान गर्ने स्रोत पनि स्वच्छ हुनुपर्ने बताए ।

उनले सौर्य ऊर्जामार्फत ईभी इकोसिस्टमलाई थप दिगो र कार्बन उत्सर्जनमुक्त बनाउने उद्देश्य रहेको बताए ।

सिप्रदी ट्रेडिङ तथा टाटा मोटर्ससँगको सहकार्यले व्यावसायिक क्षेत्रमा सौर्य ऊर्जाको प्रयोगको सम्भावना प्रस्तुत गरेको उनको भनाइ छ ।

उनका अनुसार परियोजनाले विद्युत् खर्च घटाउन सहयोग गर्नुका साथै अटोमोबाइल सर्भिसिङ तथा मर्मतसम्भार क्षेत्रको कार्बन उत्सर्जन घटाउन पनि योगदान पुर्याउनेछ ।

सम्झौता भएको तीन महिनामै निर्माण सम्पन्न गरी प्लान्ट सञ्चालनमा ल्याइएको कम्पनीले जनाएको छ ।

प्लान्टमा एआईमा आधारित हरित ऊर्जा डिजिटल प्रविधि प्रयोग गरिएको छ। यसबाट वार्षिक करिब १ लाख ४० हजार युनिट स्वच्छ विद्युत् उत्पादन हुने अनुमान गरिएको छ ।

## चिनियाँ कारको दबदबा

# विश्वका शीर्ष १० निर्माताभित्र बीवाईडी, जिली र चेरी

ग्लोबल अटोमोबाइल बजारमा चिनियाँ कार निर्माता कम्पनीहरूले आफ्नो पकड तीव्र रूपमा बढाउन थालेका छन् ।

सन् २०२६ को पहिलो छ महिना (अर्धवार्षिक) को नतिजाअनुसार विश्वका शीर्ष १० ठूला कार निर्माताको सूचीमा तीनवटा चिनियाँ ब्रान्डहरू पर्न सफल भएका छन् ।

चाइना प्यासेन्जर कार एसोसिएसन (सीपीसीए) ले हालै सार्वजनिक गरेको तथ्याङ्क अनुसार बीवाईडी, जिली र चेरीले विश्वव्यापी बजार हिस्सा बढाउँदै शीर्ष १० भित्र आफ्नो दरिलो उपस्थिति जनाएका हुन् । विद्युतीय सवारी उत्पादनमा आक्रामक बनेको चिनियाँ ब्रान्ड बीवाईडी ४.८ प्रतिशत बजार हिस्सासहित सूचीको छैटौं स्थानमा उक्लिएको छ । ठीक १० वर्षअघि (सन् २०१६ मा) केवल ०.६ प्रतिशत बजार हिस्सामा सीमित रहेको बीवाईडीले यो अवधिमा असाधारण प्रगति हासिल गरेको हो ।

यसैगरी, भोल्भो, पोलस्टार, लोटस, स्मार्ट र प्रोटोनजस्ता चर्चित अन्तर्राष्ट्रिय ब्रान्डहरू ओगटेको जिली होल्डिङ ग्रुप ४.६ प्रतिशत बजार हिस्साका साथ सातौं स्थानमा पुगेको छ । सन् २०१६ मा जिलीको बजार हिस्सा १.५ प्रतिशत मात्र थियो ।

खासगरी सवारी साधन निर्यातमा पहिचान बनाएको अर्को चिनियाँ कम्पनी चेरीले ४.१ प्रतिशत बजार हिस्सा ओगट्दै अमेरिकी अटो दिग्गज फोर्डसँग संयुक्त रूपमा नवौं स्थान साझा गरेको छ। १० वर्षअघि चेरीको उपस्थिति ०.८ प्रतिशत मात्र थियो ।

चिनियाँ कम्पनीहरूको आक्रामक विस्तारका बाबजुद विश्व बजारको पहिलो स्थानमा भने जापानी अटो निर्माता टोयोटा नै कायम छ । टोयोटाले ११ प्रतिशत बजार हिस्सा ओगटेको छ ।

सूचीको दोस्रो स्थानमा जर्मनीको फक्सवागन (८.१%) र तेस्रो स्थानमा दक्षिण कोरियाको किया-हुन्डाई (७.६%) रहेका छन् ।

सीपीसीएको तथ्याङ्कअनुसार ३.७ प्रतिशत बजार हिस्सासहित चिनियाँ कम्पनी एसएआईसी ११ औं स्थानमा छ । यसबाहेक चाङ्गान, जीडब्ल्यूएम, बीएआईसी र डोङफेङ जस्ता अन्य चिनियाँ ब्रान्डहरू पनि विश्वका शीर्ष २५ अटो निर्माताको सूचीमा पर्न सफल भएका छन् ।

लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं ।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार
समाज निर्माणमा योगदान गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार